जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

राजन पौडेल
नगर प्रमुख

मिति २०७९ असाढ ३२ गते शनिबारका दिन जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख श्री राजन पौडेलको सभा अध्यक्षतामा सम्पन्न भएको छैठौं नगरसभामा छलफल तथा निर्णयका लागि पेश भएका तपशिलका विषयहरुमासभामा निर्णयार्थ पेश हुँदा संशोधन सहित सर्वसम्मतबाट पारित भएको घोषणा गरियो ।

**निर्णय नं.१**

नगर प्रमुख श्री राजन पौडेलबाट प्रस्तुत नीति तथा कार्यक्रम नगर सभामा छलफल हुँदा प्राप्त सुझावहरु समावेश गरी अनुसूची–१ बमोजिमको नीति तथा कार्यक्रम सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं.२**

नगर उपप्रमुख श्री भोला प्रसाद अधिकारीबाट आ.व.२०७९।०८० को संचित कोषबाट विनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत विवरण तथा विनियोजन ऐन, २०७९ अनुसारको रकममा आ.व.२०७९/२०८० मा संघीय सरकार,प्रदेश सरकार र स्थानिय श्रोतवाट प्राप्त हुने रकमहरु समेत समावेश गर्ने गरी प्रस्तुत गर्नु भएको बजेट रु.२ अर्ब २० करोड ६४ लाख ९५ हजार मात्र विनियोजन ऐन,२०७९ अनुसूची–२ (सुत्रका अनुसुची १ देखि ७ सम्म) नगर सभामा स्वीकृतिका लागि पेश गर्नु भएकोमा सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं.३**

यस जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९ मा उल्लेखित राजश्वका दरहरु (अनुसूची–३) सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं.४**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम नगरदररेट तयार गरी लागु गर्ने अधिकार सम्वन्धित स्थानीय तहलाई भएकोले आ.व. २०७९।०८० को लागि विकास निर्माण र अन्य काम कार्वाही गर्न गराउँनको लागि पेश गरेको नगर दररेटलाई सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं.५**

यस आर्थिक वर्षदेखि सम्बन्धित वडाभित्र रहेका विद्यालयसँग सम्बन्धित विकास निर्माणको काममा वडा अध्यक्षको संयोजकत्वमा सम्वन्धित विद्यालयको प्रधानाध्यापक र शिक्षा महाशाखाको प्रमुखको विद्यालय अनुगमन समिति बनाई रकम निकासा माग गर्ने र प्र.अ.को सिफारिस तथा सम्वन्धित वडामा रहेका विद्यालयमा कार्यरत शिक्षकहरुको हाजिरी महिना समाप्त भएको पन्ध्र दिन भित्र प्रधानध्यापकको सिफारिशमा सम्वन्धित वडाको वडा अध्यक्षवाट प्रमाणित गरी शिक्षा महाशाखामा नियमितरुपमा उपलव्ध गराउने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

Type your text

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.६

यस उपमहानगरपालिकाको स्वीकृत दरबन्दी सहायक पाचौं/चौथो रिक्त पदमा (पदपूर्ति भई आएमा स्वतः अवकाश हुने गरि) नगर प्रमुख र उपप्रमुखको नीजि सचिवहरुको कामकाज गर्नको लागि कर्मचारी नियुक्ति गर्ने, नगर प्रमुखको नीजि सचिव नगर प्रमुखले र नगर उपप्रमुखको नीजि सचिव नगर उपप्रमुखले सिफारिस गरेको व्यक्तिलाई नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.७

यस जीतपुरसिमरा उपमहानगरपालिकाको आ.व.२०७८।०७९ मा नगर कार्यपालिकाबाट भएका सबै निर्णयहरुलाई समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

नगर कार्यपालिकाको कार्यालयमा हुने विनियोजन ऐन, २०७९ लाई व्यवस्थित गर्न तथा जनताका सेवाहरुलाई पारदर्शि गर्न गराउँनको लागि अनुसूची १० बमोजिमका ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरु चालू आर्थिक वर्ष भित्र तर्जुमा गरि लागू गर्ने निर्णय गरियो ।

निर्णय नं.९

जीतपुरसिमरा उपमहानगरपालिका अन्तरगतका कार्यालयहरुमा कार्यरत सबै सेवा समूहका कर्मचारीहरुलाई व्यवस्थित तथा नियमित उपस्थिति गराई सेवाप्रवाहलाई छिटो छरितो गराउँन आवश्यक देखिएको छ, कार्यालयबाट नियमित अनुगमन गरी सम्बन्धित नगरको हकमा प्रशासन तथा जनशक्ति विकास शाखाले, वडा कार्यालयको हकमा वडा अध्यक्षले र स्वास्थ्य संस्थाको हकमा जनस्वास्थ्य प्रवर्द्धन शाखाले हाजिरी दुरुस्त तयार गरी आर्थिक प्रशासन शाखामा महिना समाप्त भएको पन्ध्र दिन भित्र पेश गर्ने व्यवस्था कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.१०

निजामति, स्थानीय तह र स्वास्थ्यतर्फका कर्मचारीहरुको २०७९ साल श्रावण महिनाको तलबी प्रतिवेदन पारित गर्नको लागि राष्ट्रिय किताबखानालाई अनुरोध गर्दै एक जना कर्मचारी खटाईदिन माग गर्ने निर्णय गरियो ।

निर्णय नं.११

दैनिक १२ घण्टा काममा खटिरहेका दमकल चालक र फायर मेनलाई गत आर्थिक वर्ष देखि खाईपाई आएको रासन भत्ता मासिक सात हजार उपलब्ध गराउँने निर्णय गरियो ।

निर्णय नं.१२

यस कार्यालयमा हाल सवारी साधन नरहेको र कर्मचारीहरु सोही कार्यको लागी करारमा नियुक्त गरिएकोमा हाल सवारी साधन प्रयाप्त मात्रामा नरहेकोले सो सवारी साधन सन्चालनको लागी नियुक्त भई फाजिलमा रहेका कर्मचारीहरुलाई सोही अनुसार मिल्दो पदमा कामकाजमा लगाउने निर्णय गरियो।

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.१३

यस नगर पालिकामा रहेको सार्वजनिक सम्पतिको लगत तयार गर्न र व्यवस्थित गर्न समिति बनाउने र सो समितिको सेवा, सर्त र सुविधा सम्वन्धि निर्देशिका तयार गर्न कार्यपालिकालाई जिम्मा दिने निर्णय गरीयो ।

निर्णय नं. १४

आ.व. २०७८।०७९ मा संघीय सरकारबाट प्राप्त भएका योजनाहरु खर्च भई बाँकी रहेको सशर्त रकम को.ले.नि.का फिर्ता गरिएकोले सम्झौता भई सकेका यस आ.व. २०७९।०८० मा भुक्तानी दिनु पर्ने योजनाहरुको विवरण ( म.ले.प.फा.नं.२२१ ) बनाई सम्बन्धित निकायमा निकासा माग गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

जीतपुरसिमरा उपमहानगरपालिकाको आ.व. २०७९।२०८० को लागी पेश हुन आएको अनुसूची – ४ बमोजिमको संगठन संरचना बमोजिमको दरवन्दी स्वीकृत गरियो । स्विकृत दरवन्दीअन्तरगत कार्यरतर सो दरवन्दी बाहेकमा कार्यरत रहेका कर्मचारीहरुको दरवन्दीलाई पहिचान गरी एकमुष्ठ संगठन संरचना बमोजिमको दरवन्दी कायम गर्नसंघ र प्रदेशको कानूनसंग नबाझिने गरी Organization & Managment(O&M) गरी एकिकृत दरवन्दी कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

यस उपमहानगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको २०७८।२०७९ मा २०७८ साल श्रावणमा भुक्तानी भएको तलब भत्ताको तलबी प्रतिवेदन सेवाको समूहीकरण (क्लष्टर) अनुसार पारित गरियो ।

निर्णय नं.१७

आ.व.२०७९।०८० मा पुजिंगत खर्चबाट उपभोक्ता समिति, निर्माण व्यवसायी र संस्थागत हुने भुक्तानीमा शुन्य दशमलव पाच प्रतिशत सर्पदंश उपचार केन्द्रको लागि कट्टा गरि छुट्टै खातामा जम्मा गर्ने व्यवस्था मिलाउने र दुई प्रतिशत अन्य शुल्क वापत कट्टी गरीनेछ ।

निर्णय नं.१८

नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी हुने २०७९ साल श्रावण १ गते देखि स्वीकृत अनुसुची ४ बमोजिमको नयाँ तलबमान स्थायी सेवामा कार्यरत स्वीकृत दरबन्दी अनुसार यस उपमहानगरपालिकामा पनि लागू गर्ने निर्णय गरियो ।

निर्णय नं.१९

जनप्रतिनिधि र कर्मचारीहरुको कामको सिलसिलामा कुनै दुर्घटना भई अङ्गभङ्ग भएमा बिल अनुसारको रकम (दोहोरा नपर्ने गरी) र मृत्यु भएमा निर्वाचित जनप्रतिनिधि र स्थायी सेवामा कार्यरत कर्मचारी (स्वीकृत दरबन्दी भित्र रहेको) लाई कार्यपालिकाको निर्णय अनुसार पच्चिस लाख सम्म विमा वापत रकम भुक्तानी दिईनेछ ।

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.२०

करार सेवा तथा फाजिलमा रहेका कर्मचारीहरुको हकमा २०७९ साल असारमसान्तसम्म पाँच वर्ष भन्दा वढी सेवा अवधि पुरा गरेको करारसेवामा कार्यरत कर्मचारी रहेछ भने त्यस्ता कर्मचारीले स्वेच्छिक अवकास लिन चाहेमा त्यस्ता कर्मचारीलाई एकवर्ष सेवा गरे वापत एकमहिनाको शुरुस्केल तलव वरावरको रकम सुविधा प्रदान गरी स्वेच्छिक अवकाश प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.२१

वडा कार्यालयको कार्यालय सन्चालन खर्च प्रतिमहिना दश हजार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.२२

स्थायी सेवा र करार सेवा (स्वीकृत दरवन्दी भित्रका) मा कार्यरत कर्मचारीहरुको मनोवलवृद्धि र जनताको सेवालाई चुस्तदुरुस्त रुपमा काम गर्ने, जनताको सेवामा समर्पित हुन सहयोग पुगोस भनि मासिक सुरु तलवको पन्ध्र प्रतिशत स्थानीय भत्ता भुक्तानी गर्ने । संघिय सरकारले प्रदान गरेको मासिक रु दुई हजार मंहगी भत्ता स्थायी सेवाको स्वीकृत दरबन्दी भित्रका सेवा समूहमा कार्यरत कर्मचारीलाई प्रदान गर्ने। स्थायी सेवाको स्वीकृत दरबन्दी भित्रका स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुले अन्य भत्ता पाउने रहेछन भने रकम पन्ध्र प्रतिशत स्थाानीय भत्ता वापतको रकम मध्ये जुन भत्ताको रकम बढी हुन्छ सोही भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२३

नर्सिङ कर्मचारीले पाउँने नर्सिङ भत्ता वापत पाँच सय प्रतिमहिना उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२४

प्रमुख प्रशासकिय अधिकृतले २४ सै घण्टा सेवा उपलव्ध गराउनु पर्ने भएकोले मोवाईल सेवा खर्च रु तीन हजार मासिक तलबमा समावेश गरि उपलब्ध गराउने ।

निर्णय नं.२५

घरघरमा गई सेवा पुर्याउने महिला स्वयम् सेविकाहरुलाई खाईपाई आएको मासिक भत्ता मा पाचसय थप गरी रु तीन हजार तलब उपलब्ध गराउने, निजहरुलाई खोप तथा तालिम कार्यक्रमहरुमा सहभागी भई कार्यक्रम संचालन गरे वापत खाजा तथा यातायात खर्च छ सय मात्र काम गरेको दिनमा उपलब्ध गराउने निर्णय गरियो । महिला स्वयं सेविकाको उमेर पैसठ्ठी वर्ष उमेर पुरा भएकाहरुलाई कार्यपालिकाको निर्णयानुसार पुरस्कार रकम बढीमा पचास हजार प्रदान गरी ससम्मान विदाई गर्ने निर्णय गरियो ।

निर्णय नं.२६

सामुदायिक विद्यालयमा कार्यरत लेखापालहरुको तलबमा दुई हजार थप गर्ने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

**निर्णय नं.२७**

२०७८ साल असार मसान्तसम्म विभिन्न पेश्की रहेको कारणवाट यस नगरको वेरुजुको अङ्कमा वृद्धि भएको देखिएकोले २०७८ साल असार मसान्तसम्मका सवै प्रकारका पेश्की रकम फछ्यौट गर्ने र नियमित गर्न मिल्ने वेरुजुहरु सभामा फछ्यौटको लागी पेश गर्नको लागी सँघीय र प्रदेश कानुन नवाझिने गरी उपमेयरको सँयोजकत्वमा सम्वन्धित वडा अध्यक्ष , प्रमुख प्रशासकिय अधिकृत, सम्वन्धित प्राविधिक कर्मचारी, आर्थिक प्रशासन शाखा प्रमुख र आन्तरिक लेखा परिक्षण शाखा प्रमुख सदस्य - सचिव रहने गरी समिति गठन गर्ने र सो समितिको सेवा सर्त र सुविधा सम्वन्धि निर्देशिका कार्यपालिकावाट स्वीकृत गराई लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८**

आर्थिक प्रशासन शाखावाट पेश भएको विभिन्न आ.व.का अन्तिम लेखा परिक्षणवाट औल्याईएका नियमित गर्ने वेरुजुहरु (अनुसुचि-५)सभामा पेश हुदाँ पेश भएका नियमित वेरुजुहरु कैफियतमाा उल्लेख भए अनुसार सम्परिक्षण गरिएको छ। उक्त बेरुजु श्री महालेखा परिक्षकको कार्यालय, डोरमुकाम जीतपुरमा नियमितको लागी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९**

सम्मानित सर्वोच्च अदालतमा टिका चन्द्र गौतमको छोरा जिल्ला बारा जीतपुरसिमरा उ.म.न.पा. वडा नं १ मा बस्ने बर्ष ७० को राम चन्द्र गौतम, हरि प्रसाद रिमालाकी पत्नी ऐ ऐ बस्ने बर्ष ७१ की देव कुमारी रिमाल, जि. काठमाण्डौं काठमाण्डौ म.न.पा.वडा नं.१० मा कार्यालय रहेको प्रोपर्टी म्यानेजमेन्ट एसोसिएट्स प्रा.लि र श्री उच्च अदालत जनकपुर अस्थायी इजलास विरगंज पर्सा उपर उक्त उच्च अदालत जनकपुर अस्थायी इजलास विगरगंजको मिति २०७८।१०।२४ को मु.नं.०७७-WO-०१४० नि.नं.५८ को उत्प्रेषण परमादेशको आदेश वदर गरी पाउनको लागि यस जीतपुरसिमरा उ.म.न.पा. कार्यालय जिल्ला बाराको तर्फवाट नेपालको संविधानको धारा १३३ को २ तथा ३ बमोजिम उत्प्रेषण अधिकारपृच्छा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउं भनि रिट दिने निर्णय गरियो । कार्यालयले उपयुक्त प्रतिनिधि तोकी निजले यस कार्यालयको तर्फवाट उक्त रिट दर्ता गरी तारिखमा रहने, मुद्दा पुर्पक्ष गर्ने र आवस्यकता अनुसार वारेश समेत राख्न पाउने निर्णय गरियो ।

**निर्णय नं.३०**

नगरपालिकाको कानुनी सल्लाहकार करारमा उल्लेखित सेवा, सुविधा र शर्तमा उल्लेख भए अनुसार काम गर्ने गरी नगर प्रमुखले सिफारिस गरेको व्यक्तिलाई नियुक्त गर्ने र उप प्रमुखले सिफारिस गरेको कानुनी सल्लाहाकार न्यायिक समिति सहितका कानुनी काम गर्ने गरि नियुक्ति गर्ने तथा आवश्यक्ता अनुसार अवैतनिक सल्लाहकार राख्ने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

राजन पौडेल
नगर प्रमुख

**निर्णय नं.३१**

नगर स्तरिय र वडा स्तरिय बजेटहरुमा विभिन्न संघ/संस्थालाई अनुदान तथा आर्थिक सहायता सम्बन्धि कार्यविधि तयार गरी त्यस्तो अनुदान तथा आर्थिक सहायता रकम भुक्तानी दिईने र एक आर्थिक वर्षमा एक पटक मात्र नगर वा वडाका बजेटको बजेटबाट भुक्तानी गर्ने ।

**निर्णय नं. ३२**

आ.व.२०७८।२०७९ मा दायित्व श्रृजना भएका सबै प्रकारका भुक्तानीहरु म.ले.प.फा.नं.२२१ (साविकको १८) मा समावेश गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३३**

यस उपमहानगरपालिकाका करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद मिति २०७९ साल असोज मसान्तसम्म थप गर्ने र तत् पश्चात आवश्यकताका आधारमा कार्यपालिकाले म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

यस नगर अन्तरगतका स्वास्थ्य संस्था, विद्यालयहरु, महिला स्वयं सेविका र यस कार्यालयवाट निकासा गरिने खाताहरु राष्ट्रिय वाणिज्य बैंक, कलैया शाखामा रहेकोले उक्त सबै खाताहरु श्री राष्ट्रिय बाणिज्य बैंक, सिमरा शाखामा खातामा खोलि खाता सन्चालनको व्यवस्था मिलाउन र खातामा रहेको रकम स्वतः नयाँ खातामा ट्रान्सफर हुने व्यवस्था गर्न लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३५**

आ.व.२०७८।०७९ मा सम्झौता भएका तर २०७९ साल असारसम्म कार्य शुरु नगरेको अवस्थामा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम प्राविधिक प्रतिवेदन लिई उपभोक्ता समितिहरुसंग र निर्माण व्यवसायीसंग भएका सबै सम्झौताहरु रद्ध गर्ने । २०७९ साल असारमसान्तसम्म प्राविधिक मुल्याङ्कन र विल सहित भुक्तानीको लागि योजना शाखामा पेश भएका कामको भुक्तानी कार्यपालिकाको निर्णयानुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६**

लागत अनुमान चाहिने, परामर्श सेवा बाहेकका सार्वजनिक सरोकारका मालसामानहरु वडा कार्यालयले वडा समितिको निर्णयानुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) बमोजिम एक लाखसम्मको मुल्य अभिवृद्धि कर दर्तावालासगँ खरिद गर्न सक्नेछन । सोको खरिद आदेश जारी गरी बिल तथा अन्य आवश्यक कागजात सहित PAMS मा समावेश गरि विल, खरिद आदेश र चालु प्रकृतिका खर्चहरुको विलहरु वडा अध्यक्षले प्रमाणित गरी सम्बन्धित वडाको बजेटबाट भुक्तानीका लागि पेश गर्ने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.३७

नगर गौरवका आयोजनाहरु अनुसूची - ६ बमोजिम प्राथमिकतामा राख्ने निर्णय गरियो ।

निर्णय नं.३८

संघीय सरकारमा पेश गर्ने योजनाहरु अनुसूची - ७ बमोजिम प्राथमिकतामा राख्ने निर्णय गरियो ।

निर्णय नं.३९

प्रदेश सरकारमा पेश गर्ने योजनाहरु अनुसूची - ८ बमोजिम प्राथमिकतामा राख्ने निर्णय गरियो ।

निर्णय नं.४०

लागत अनुमान तथा नगर स्तरिय योजनाहरु अनुसूची ९ बमोजिम प्राथमिकतामा राख्ने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

अनुसूची – १

(छैठौं नगर सभाको निर्णय नं. १ सँग सम्बन्धित)

# नगर प्रमुख श्री राजन पौडेल ज्यूबाट
# जीतपुरसिमरा उपमहानगरपालिका
# आ.व. २०७९/२०८० को छैठौं नगर सभामा
# प्रस्तुत नीति तथा कार्यक्रम

हामी यस पालिकामा जनताको तर्फबाट निर्वाचित भई आएका छौं । यस पालिकाको प्रमुखको हैसियतले यस सम्मानित नगर सभा समक्ष उपस्थित हुन पाउँदा गर्व लागेको छ । म सबै नगरवासीलाई धन्यवाद दिन चाहन्छु ।

जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख, नगर सभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, उपस्थित कर्मचारीहरु !

सर्वप्रथम जीतपुरसिमरा उपमहानगरपालिकाको नगर सभा छैठौं बजेट अधिवेशनमा हार्दिक स्वागत छ ।

संघीय सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रम, महालेखा परिक्षकको प्रतिवेदन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सूचना आयोगका सुझावलाई आधार बनाई यस जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ जसलाई यस गरिमामय उपमहानगरपालिकाको सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलन,जनयुद्ध, मधेश आन्दोलन लगायतका आन्दोलनहरुमा बलिदानी गर्ने शहीदहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।उपमहानगरवासीले दिएको अगाध माया र ममताबाट प्रेरित भई मैले जीतपुरसिमरा उपमहानगरलाई औधोगिक नगरीको रुपमा अगाडि बढाई उपमहानगरको गौरवलाई उच्च राख्न केही महत्वपूर्ण नीति तथा कार्यक्रम उपमहानगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

## दीगो आर्थिक स्रोत र राजस्व संकलन :

१. यस उपमहानगरपालिकाको राजस्व संकलन न्यून रहेको छ। राजस्व संकलन र आर्थिक स्रोत व्यवस्थापनका लागी दिगो श्रोतको व्यवस्थापन गरीनेछ। राजस्व बृद्धिको लागी थप नयाँ करहरुलाई दायरामा ल्याउने निति लिइएको छु। वडा र नगरबाट हुने राजस्व असुलीमा वडा समिति वढी जिम्मेवारी वनाईनेछ।

२. उपमहानगपालिकाको राजस्वमा वृद्धि गर्न राजस्व परामर्श समिति र नगर कार्यपालिका अहोरात्र लाग्ने विश्वास नगरसभा सदस्यहरुमा जानकारी गराउदछु। यस उपमहानगरपालिकाले आ.व.२०७९/२०८० को लागी गुदरी वजार, ढुङ्गागिट्टी

वालुवा, रागाँभैसी वेचविखन, सडक मर्मत सम्भार तथा उपभोग ठेक्का शुल्क जस्ता ठेक्का लगाउने काम भएको छ। अझ यस उपमहानगरपालिकालाई श्रोत सम्पन्न वनाउन नयाँ नयाँ करका सरलीकृत दायरा खोजी गरिनेछ।

३. उद्योग, होटल व्यवसाय, निर्माण व्यवसायी, ठुला तथा मध्यम करदाताहरु र क्रसर तथा वालुवा प्रशोधन केन्द्रवाट राजस्व संकलन तथा योगदान गर्नको लागी सम्वन्धित पक्ष र सरोकारवालाहरुसँगको सहकार्यमा एउटा छुट्टै कार्यदल वनाई अध्ययन गरिनेछ ।

४. हाट बजार संचालन र बजारको पहुँचबाट टाढा रहेका वडाहरुमा बजारीकरणको प्रवन्ध मिलाई करको दायरा बढानईनेछ।

५. बैंक, वित्तिय संस्था, चलचित्र हल, बचत तथा ऋण सहकारी सँस्था, संस्थागत विद्यालय, सामुदायिक साझेदारी वन, राष्ट्रिय निकुण्ज र नाफामुलक संस्थाहरुसंग समन्वय गरी हाल तोकिएको कर र थप कर असुली सम्वन्धमा सहकार्य गरी कर असुलीको दायराको अध्ययन गरिनेछ। सोको लागी छुट्टै कार्यदल वनाई अध्ययन गरिनेछ ।

६. स्वास्थ्य क्षेत्रलाई स्थायीरुपमा संचालन गर्न र व्यवस्थित गर्नको लागी नगरलाई प्राप्त हुने समानिकरण, राजस्व बाँडफाँड र आन्तरिक श्रोत तथा शसर्ततर्फ पुंजीगत खर्चवाट भुक्तानी हुने सबै प्रकारका भुक्तानी रकमहरुमा अनिवार्य ०.५० प्रतिशत रकम कट्टी गरी सर्पदंश उपचारकेन्द्रमा पठाउने व्यवस्था मिलाइनेछ ।नगर र वडा समितिवाट राजस्व असुलीमा जारी हुने प्रत्येक रसिदमा प्रति पटक रु २५/- सर्पदंश वापत थप रकम असुल गरिने व्यवस्थालाई निरन्तरता दिएको छु । उक्त रकम सोही कार्यमा खर्च गर्ने व्यवस्था मिलाईनेछ ।

७. यस उपमहानगरपालिकाको सबै क्षेत्रवाट राजस्व संकलनमा वरावरी योगदान गर्न सक्ने अवस्था नरहेको र विकास समेत समान रुपमा हुन सकेको छैन। हाल यस नगरको आम्दानीको क्षेत्र भनेको जीतपुर, सिमरा, पथलैया, अमलेखगन्ज, छातापिपरा, नितनपुर, भलुही, डुमरवाना, फत्तेपुर, पिलुवा तथा वडरहवालाई क्षेत्र "क" र अन्य क्षेत्रलाई क्षेत्र "ख" मा विभाजन गरी करको दरहरु तोकिने व्यवस्था मिलाईने छ ।

८. यस उपमहानगरपालिकामा राजस्वका श्रोतहरु धेरै रहेका छन । नगर सभामा पेश हुने करका दरहरुमा कुनै छुट हुन गएको रहेछ भने कार्यपालिकावाट अनुमोदन गरी लागु गरिनेछ ।

९. उपमहानगरको तीव्र भौतिक पूर्वाधार विकास र सेवासुविधाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने पर्याप्त आयस्रोतको संयोजन गरिनेछ । केन्द्र तथा प्रदेशको अनुदान वृद्धि गर्नका लागि पहल गर्ने र आन्तरिक आयस्रोतहरु फराकिलो बनाइनेछ । आन्तरिक राजस्वका स्रोतहरुको पहिचान, प्रवर्द्धन र राजस्व प्रणालीमा थप सुधारका लागि ध्यान दिइनेछ ।

१०. उपमहानगरपालिका भित्र रहेका सबै सवारी साधनहरुलाई दर्ता प्रकृयामा ल्याईनेछ ।

११. आन्तरिक आयको वृद्धिको लागी स्टार्ट अफ व्यापार शुरुवात गर्ने व्यवस्था मिलाएको छु ।

१२. वडा कार्यालय र नगरवाट हुने सबै प्रकारका सिफारिश तथा पत्रहरुको चलानी विद्युतिय प्रणालीवाट यसैवर्ष देखि गरिनेछ ।

१३. घरजग्गा मुल्याँकन नक्सा पासलाई Online System मा लगिनेछ र नक्सा पासलाई पूर्वाधार निर्माणमा अनिवार्य गरिनेछ । सबै सूचना प्रविधि लागु गर्नको लागी कानुनको व्यवस्था गरिनेछ ।

## कृषि तथा पशु पन्छीतर्फः

१४. पशुपंक्षीजन्य उत्पादनमा नगरलाई आत्मनिर्भर वनाउनका साथै यस्ता उत्पादनको निर्यातलाई प्रवर्द्धन गरिनेछ ।

१५. व्यवसायिक एवम् उन्नत नश्लका पशुपंक्षी, माछापालन र उच्च मूल्यका पंक्षीपालनलाई प्रोत्साहन गरिनेछ ।

राजन पौडेल

१६. पशुपंक्षी प्रयोगशालाको स्थापना, क्षमता विकास, कृषि तथा पशुपंक्षी तथ्यांक प्रणालीको विकास गरिनेछ ।

१७. सार्वजनिक, निजी र सहकारीको साझेदारीमा दुग्ध उत्पादन, दाना, ह्याचरी, प्रशोधन केन्द्र, अर्गानिक मल, जैविक विषादी, वधशाला, श्रोतकेन्द्र विकास, सोलार चिस्यान केन्द्र र कृषि औजार तथा उपकरणको उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

१८. यस नगरपालिका र कृषि अनुसन्धान निर्देशनालय तथा नेपाल कृषि अनुसन्धान परिषद(नार्क) सँग समन्वय गरी धान र गँहू लगायत अन्य विऊ विजनमा आत्मनिर्भर वनाउन उत्पादन भएको विऊ विज्नलाई ग्रेडिङ्ग, प्याकेजिङ्ग गरी किसानमा वितरण गर्न र २४ वटा वडामा क्रमशः निशुल्क माटो परिक्षणको व्यवस्था मिलाईनेछ ।

१९. नगर भित्रका किसानहरुलाई सूचिकरण गर्नको लागी डाटावेश ईन्ट्रीको कार्यलाई कार्यन्वयनमा ल्याईनेछ ।।

२०. कृषि तथा पशुपालन सम्वन्धि १५ महिने सिटीभिटी, डिप्लो अध्ययनरत विद्यार्थिहरुलाई ईन्टरशिपको व्यवस्था गरिनेछ । नगरभित्र एसईई शिक्षा प्राप्त गरेका जनशक्तिहरुलाई ३ महिने पशुसेवा तालिमको व्यवस्था गरी किसानको सेवामा आवद्ध गरिनेछ ।

२१. सामुहिक खेतिको अवधारणालाई विकास गर्दै लगिनेछ । एक समुह एक उत्पादन लागु गरिने छ । सोको व्यवस्थापनको लागी आवश्यक कानुनको निर्माण गरिनेछ ।

२२. कृषि र पशु उत्पादनका सामग्री विक्रि वितरण र खरिद विक्रिको लागी आधुनिक किसान वजारको व्यवस्थापन सन्चालन गर्न वडा नं ८ लोसण्डामा स्थापना गर्न यसै वर्षवाट शुरु गरिनेछ ।उक्त कार्य निजि क्षेत्रले गर्न प्रोत्साहन गरीनेछ।

२३. नेपाल सरकारवाट सन्चालन भै रहेको कृतिम गर्भाधान कार्यक्रम अझ सरल वनाउनको लागी तालिम प्राप्त भेटनरी सहजकर्ताहरुलाई परिचालन गरिनेछ ।

२४. पशुहरुको नश्ल सुधारको लागी कृत्रिम गर्भाधान केन्द्रको स्थापना र विस्तार गरिनेछ ।डुमरवानामा पशु अस्पताल स्थापना गर्नको जग्गा प्राप्ती लगायतका कार्य अविलम्व शुरु गरी अस्पताल निर्माण कार्यको डिपिआर यसैवर्ष तयार गरीनेछ ।

२५. कृषि र पशु पन्छी पालन गर्ने किसानको सुविधामा अझ विस्तार गर्न यस आ.व.मा कम्तीमा अधिकृत स्तरको कृषि कर्मचारी र भेटेनरी डाक्टर वा सोसरहको जनशक्तिको व्यवस्था गरिनेछ ।

२६. आर्थिक अवस्था कमजोर भएको दलित/महिला/विपन्न/जनजाती/सिमान्तकृत र अपाङ्गहरुलाई उत्थान गर्नको लागी श्री कृषि तथा पशु सहकारी सँस्थाहरु र यस नगरपालिकाको ५०।५० प्रतिशत लगानीमा वंगुर/वाख्रा/गाई/भैसी समुहगत वा अलग अलगरुप पशुपालन गर्न चाहेमा अनुदानको व्यवस्था मिलाइनेछ ।यस्ता कार्यक्रमहरु अनिवार्यरुपमा बैंक वित्तिय संस्था र सहकारी मार्फत लगानीको लागी व्यवस्था मिलाईने छ ।

२७. कृषि प्रयोजनको लागी सन्चालनमा रहेका नरहेका सिचाई कुलो र नक्सामा देखिने कुलो तथा कृषि वाटोको पहिचान गरी यसै वर्ष देखि सडक र कृषि सिचाईको कुलो सिचाई वाटाहरु चलन चल्तीमा ल्याईनेछ । तत्काल निर्माण गरिएका संरचना र भौतिक सामानहरु पुन मर्मत गरी प्रयोगमा ल्याईने व्यवस्था मिलाईने छ । भैरहेको पुराना पानीका मुल।मुहान।इनारको संरचनाको संरक्षण गरीने छ । नयाँ निर्माण अनुगमन गरी निर्माण गरिनेछ ।

२८. आधारभूत खाद्यवस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ । कृषक प्रोत्साहन, कृषि वीमा, सहुलियत कर्जा र न्यूनतम समर्थन मूल्य जस्ता किसानमैत्री कार्यक्रम सञ्चालन गरिनेछ र सोका लागि संघ र प्रदेशसंग पनि समन्वय गरिनेछ ।

२९. सहकारीसंग समन्वय गरि किसानहरुको समस्यालाई मध्यनजर गरि नगरमा आवश्यक स्थानको पहिचान गरि नगर कोल्डस्टोर स्थापना गरिनेछ ।

राजन पौडेल
नगर प्रमुख
(८)

**शिक्षा तर्फः**

३०. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि ध्यान दिइनेछ । विद्यालयलाई भौतिक पूर्वाधारयुक्त बनाउने, पठनपाठनको गुणस्तरमा सुधार ल्याउने र शिक्षकहरुको भूमिकालाई प्रभावकारी बनाउने कार्यमा ध्यान दिइनेछ । एक विद्यालय एक वालउद्यानको अवधारणा अनुसार कार्य अगाडी वढाईनेछ ।

३१. सबै विद्यालयहरुको भौतिक पूर्वाधार, पठन पाठन, शिक्षक तथा विद्यार्थीहरुको संख्यात्मक अवस्था र अन्य पक्षहरुको अध्ययन गर्न शिक्षा विज्ञहरुको कार्यदल गठन गरी ONM गरीनेछ । प्राप्त प्रतिवेदनको आधारमा विद्यालय खारेज, एकिकरण, नयाँ स्थापना, दरबन्दी र विद्यार्थीहरुको संख्या हेरी प्रधानाध्यापक तथा शिक्षकहरुको सरुवा र पदस्थापनको व्यवस्थापन यसै वर्ष मिलाइनेछ ।

३२. विद्यालयको नाममा रहेको भौतिक संरचना जग्गा जमिन पोखरी भाडामा लिए दिएको सम्पतिको विवरण विद्यालयले सार्वजनिक गर्नु पर्नेछ । आम्दानी र खर्चलाई पारदर्शी गर्न विद्यालयहरुले वित्तिय प्रतिवेदन र कार्य प्रगति विवरण ६।६ महिनामा सार्वजनिक गरिने व्यवस्था मिलाईनेछ ।

३३. शिक्षा क्षेत्रमा सुधारका लागि स्थानीय स्तरबाट लगानी बढाइनेछ । सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ । सबै सामुदायिक विद्यालयहरुमा सेनेटरीप्याडको अनिवार्य व्यवस्थापन मिलाइनेछ । शिक्षक तथा बालबालिकाहरुको संख्यात्मक अवस्था हेरी समायोजन र सरुवा गरिनेछ । बालविकास शिक्षक शिक्षिका तथा कर्मचारीहरुलाई थप सुविधा उपलव्ध गराइनेछ ।

३४. यस नगरपालिकावाट प्रदान गरिने सशर्त अनुदान, निशर्त अनुदान र विद्यालय व्यवस्थापनले आम्दानी गरेको रकम र भौतिक सम्पतिको विवरण सहितको मासिक वित्तिय विवरण अनिवार्यरुमा महिना समाप्त भएको ७ गते भित्र नगरपालिकामा पेश गर्नु पर्नेछ ।वार्षिक प्रतिवेदन विद्यालय व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र कार्यपालिकामा पेश गर्नु पर्नेछ । बार्षिक प्रतिवेदन पेश नगर्ने विद्यालयको निकासा रोक्का राख्ने व्यवस्था मिलाएको छु ।

३५. सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसहरुलाई अनुदान प्रदान गर्न कम्तिमा सम्वन्धित व्यवस्थापन समितिले ४ वर्षे निति कार्यक्रम सहितको प्रस्ताव पेश भएमा कार्यविधि वनाई अनुदानको व्यवस्था मिलाईनेछ । हाल प्रस्ताव गरिएको अनुदानको अनिवार्य योजना सहितको प्रस्तावमा प्रमुख प्रशासकिय अधिकृत र प्रधानाध्यापक/क्याम्पस प्रमुख विच सम्झौता गरी कार्यन्वयन गर्ने व्यवस्था मिलाएको छु ।

३६. संस्थागत विद्यालयहरुले गुणस्तरीय शिक्षाका लागि पुर्‍याएको योगदान महत्वपूर्ण छ । ती विद्यालयहरुको पूर्वाधारको अवस्था, विद्यार्थी शुल्क, छात्रवृत्ति, सञ्चालन र कार्यरत शिक्षकहरुको अवस्थाको अध्ययन गरिनेछ । सामुदायिक तथा संस्थागत विद्यालयहरुमा एउटै पाठ्यक्रम लागु गर्ने र अन्य कुराहरुलाई एकरुपता कायम गर्न ध्यान दिइनेछ ।

३७. सम्वन्धित वडाभित्र रहेका आधारभूत तथा माध्यमिक विद्यालयको पठनपाठन र प्रशासनिक एवम् भौतिक निर्माण र सुधारका कामहरुको अनुगमनमा सम्वन्धित वडाको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

३८. नगरमा कार्यरत वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको तलब संघीय सरकारले तोके अनुसार भुक्तानी गर्ने व्यवस्था मिलाएको छु । हाल कार्यरत वालविकास सहजकर्ता शिक्षक, लेखापाल र कार्यालय सहयोगीको तलवमानमा पुनरावलोकन गरीनेछ ।

३९. १० वर्षे नगर शिक्षा योजना तथा प्रोफाईल तयार गरिनेछ । स्थानीय पाठयक्रम तयार गरी लागु गरिनेछ ।विद्यालयको शुरुवाती कक्षावाटै अन्धविश्वास कुरिती तथा कुशस्कारको खण्डन गर्दै विज्ञान सम्वत तथ्यगत तर्क एवम् व्यवहार गर्नसक्ने जनशक्ति सक्षम आत्मनिर्भर जनशक्ति उत्पादनमा जोड दिईनेछ ।

नगर प्रमुख

४०. सामुदायिक विद्यालयका बालकक्षा देखि कक्षा ५ सम्मका नयाँ भर्ना हुने सबै छात्रछात्राहरुलाई विद्यालयका प्राधानाध्यापक मार्फत पोशाक उपलब्ध गराईनेछ ।

४१. यस आ.व. देखि शैक्षिक गतिविधि सन्चालन गर्नको लागी प्रत्येक वर्ष शिक्षा युवा तथा खेलकुद विकास महाशाखा प्रमुख र प्रधानाध्यापक वीच करार सम्झौता गरिनेछ । प्राधानाध्यापकको मुल्याङ्कनको आधार करारमा भएको सर्तलाई मानिनेछ ।

४२. सामुदायिक विद्यालय र संस्थागत विद्यालयको विद्यार्थीहरुको भर्ना उमेरमा एकरुपता कायम गरिनेछ । भर्ना उमेर र प्रारम्भिक कक्षामा एक रुपता कायम गरिनेछ । उदाहरणको लागी सामुदायिक विद्यालयमा पढि रहेको वालकक्षाका विद्यार्थी कक्षा चढ्दा कक्षा १ मा भर्ना हुनु हुने जस्तै संस्थागत विद्यालयमा पनि १ वर्ष पढेपछि कक्षा १ मा पढने व्यवस्था गरिनेछ ।जस्तै नर्सरी एलकेजी र युकेजी जस्ता कक्षाहरुलाई १ वर्ष भित्रमा सम्पन्न गर्नु पर्नेछ ।

४३. संस्थागत विद्यालयले अनिवार्यरुपमा दलित/जनजाती/अपाङ्ग/द्वन्दपिडित/शहिद परिवार/सिमान्तकृत लगायतका वर्ग क्षेत्रका परिवारका बच्चाहरुलाई नगरपालिकाको सिफारिसमा कुल विद्यार्थी संख्याको १० प्रतिशत नघट्ने गरि छात्रवृत्तिमा अध्ययन गराउँनु पर्ने व्यवस्था मिलाईनेछ । सोको अनुगमन शिक्षा महाशाखाले गर्नेछ । उक्त कार्य पुरा नगर्ने विद्यालयलाई कार्यवाहीको दायरामा ल्याइनेछ ।

४४. नेपाल सरकारवाट सन्चालित पढदै कमाउदै शिक्षालाई प्राथमिकताका साथ लागु गरिनेछ ।

४५. डाक्टर/ईन्जिनियर/पाईलट र अन्य सोसरहका शिक्षामा अध्ययन गर्न चाहने विद्यार्थिहरुलाई कार्यविधि वनाइ अध्ययनको व्यवस्था मिलाईनेछ ।

४६. यस नगरपालिकाले स्नातकस्तरको इन्जिनियरिङ्ग क्याम्पस सन्चालनको लागी सम्भ्याव्य अध्ययन गरिनेछ ।

४७. यस नगरपालिकालाई प्राविधिक साक्षरताको लागी कार्यक्रम सन्चालन गरिनेछ ।

४८. नेपाल स्काउट रेडक्रस लगायतका परोपकारी स्वयमसेवी सामाजिक संघसंस्थाहरुलाई क्रियाशिल विद्यालयतहवाटै शुरु गरिनेछ ।

## स्वास्थ्यतर्फः

४९. सिमरा प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोउन्नती गरी यसै वर्ष देखि अस्पताल सन्चालन गरिने छ ।२४ सै घण्टा सेवा उपलव्ध गराउने व्यवस्था मिलाईने छ । उक्त सेवा प्रदान गर्दा हाल भई रहेको सेवालाई जनमुखि वनाई मृगौंला रोगीलाई डाईलोसिस सेवा र सर्प दसंसेवा सन्चालन गरीने छ । उक्त सेवा सन्चालनको लागी थप वजेट तथा जनशक्तिको व्यवस्था गरीनेछ ।

५०. मातृ– शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा पोषण कार्यक्रमलाई व्यवस्थित गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षा गर्न नगरलाई पूर्णखोपयुक्त उपमहानगरपालिका बनाउन प्रयास गरिनेछ ।

५१. नगरको स्वास्थ्य सेवालाई घरघरमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने नगरमा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाको खाईपाई आएको सुविधामा पुनरावलोकन गरीनेछ ।स्वास्थ्य स्वयम सेविकाहरुलाई सन्चालन गरीने गोष्ठी तथा अन्य नियमित खोप कार्यक्रमहरुमा दिईने भत्ताहरुमा पुनरावलोकन गरीने छ ।

५२. महिला स्वास्थ्य स्वयम्सेविकाहरुको दरबन्दी यकिन गरी प्रत्येक वडामा स्वयम्सेविकाको व्यवस्था मिलाइनेछ । निजहरुको सेवा, शर्त र सुविधासम्वन्धी कार्यविधि बनाई लागु गरिनेछ ।

५३. प्रत्येक वडामा आधारभूत स्वास्थ्यसेवा पुर्‍याउनका लागि स्वास्थ्य कार्यालय सम्पन्न गरी आधारभुत स्वास्थ्य सेवा शुरु गरिनेछ । सबै वडामा आधारभूत स्वास्थ्यसेवा पुर्‍याइनेछ । सो सञ्चालनका लागि आवश्यक विशेषज्ञ डाक्टर र स्वास्थ्यसेवा प्राविधिकको व्यवस्थापन गर्न स्वास्थ्य समितिलाई खर्च कार्यविधि बनाई सञ्चालनको जिम्मा दिइनेछ ।

५४. एम्बुलेन्स सेवा र बारुणयन्त्र संचालनको लागि सुरक्षा निकायसँग सहकार्यको लागि अध्ययन गरिनेछ ।

५५. नगरवासीहरुलाई आधारभूत स्वास्थ्यसेवा सहज रुपमा उपलव्ध गराउने प्रयासलाई निरन्तर राखिनेछ ।पालिका भित्रका बृद्ध बृद्धाहरुलाई ६/६ महिनामा घर मै स्वास्थ्यकर्मी पुगी स्वास्थ्य चेकजाँच गर्ने व्यवस्था मिलाईनेछ । सुत्केरी महिलाहरुलाई अन्यत्र लानुपर्दा गाडी भाडाबापत ईन्धन वापत ५० प्रतिशत अनुदान उपलव्ध गराउने व्यवस्थाको लागी कार्यविधि वनाई लागु गरिनेछ ।जीतपुर र डुमरवानामा सञ्चालनमा रहेको शहरी स्वास्थ्य क्लिनिकलाई प्रभावकारी बनाइनेछ र अन्य वडाहरुमा क्रमश विस्तार गरिनेछ ।

५६. क्यान्सर, मुटु, मृगौला, मष्तिष्काघात र स्पाइनल इन्ज्युरी जस्ता रोगहरुको उपचार र औषधीका लागि उपलव्ध गराइरहेको नगद सहयोग १० हजार लाई निरन्तर राखिनेछ । यसै वर्षदेखि नमूनाको रुपमा स्वास्थ्यबिमा कार्यक्रम लागु गरिनेछ र राज्यले उपलव्ध गराउने भनिएको मासिक सुविधालाई स्थानीयकरण गरिनेछ ।

५७. जीतपुरसिमराका जनताको स्वास्थ्यसेवा प्रति संवेदनशिल हुदैं जीतपुरसीमरालाई केन्द्र विन्दु वनाई विरगंज जीतपुरसिमरा हेटौडा र भरतपुरलाई सहजरुपमा सेवा प्रदान गर्न मेडिकल करिडोरको विकास गरिदै लगिनेछ ।

५८. संघिय सरकारले प्रस्ताव गरेको श्रम अस्पताल निर्माणको लागी पहल र सहजीकरण गरीनेछ ।

५९. जीतपुरसिमरा उपमहानगरपालिका भित्र रहेका उद्योग करकाराखानाहरुले सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) अन्तरगत गरिने खर्चहरु औधोगिक सुरक्षा ऐन,२०७६ र औधोगिक व्यवसाय नियमावली,२०७८ अनुसार कम्तिमा ५० प्रतिशत नगरपालिकासंग समन्वय र सहकार्य गरेर यसै नगरक्षेत्र भित्र खर्च गराउन पहल गरिनेछ।

युवा तथा खेलकुदतर्फः

६०. युवा तथा खेलकुदः युवा लक्षित कार्यक्रमलाई अघि बढाइनेछ । युवाहरुको क्षमता, उर्जा, सिर्जनशिलता र सम्भावनाहरुलाई जिविका, व्यक्तित्व र प्रतिभा विकास, व्यवसायिकता र समाज परिवर्तनमा सदुपयोग गरिनेछ । सामाजिक विकृति, हिंसा र दुव्र्यसनमा रहेका युवाहरुको पुनर्थापनामा ध्यान दिइनेछ ।

६१. वैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई निजहरुको सिप दक्षता र पुजीलाई थप प्रोत्साहन गरी रोजगारीको सृजना गरीने छ । महिलाहरुलाई माथिका कार्क्रमहरुमा विशेष प्राथमिकतामा राखिनेछ ।स्थानियस्तरमा रोजगारी सृजना गरी बैदेशिक रोजगार निरुत्साहीत गरीनेछ । ।

६२. उद्यमी अभियान सञ्चालन गरी नविनतम ज्ञान, सीप, प्रविधि तथा उद्यमशिलताका कार्यक्रमहरुमार्फत युवाहरुलाई दक्ष र उद्यमी बनाई उत्पादनशिल क्षेत्रमा परिचालन गरिनेछ । युवाहरुवीच सीप विकास गरी रोजगारी सिर्जना गर्ने र बाल क्लवहरुको व्यवस्थापन गर्नेलगायतका कार्यक्रमहरु तर्जूमा गरी लागु गरिनेछ । युवा परिषद लगायतका संस्थाहरुसंग सहकार्य र बैंक वित्तिय संस्था सहकारीहरुसंग समन्वय गरी उत्पादन तथा रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

६३. राष्ट्रपति तथा रनिङ्ग सिल्ड प्रतियोगिता लगायतका खेलकुद प्रतियोगिताहरु संचालन तथा व्यवस्थापनका लागी आवश्यक थप श्रोतसाधन व्यवस्था मिलाई समयमा नियमित रुपमा सन्चालन गरिनेछ ।

सडक सञ्जाल नगर गौरवको मुल आधारः

(१३) राजन पौडेल नगर प्रमुख

६४. पूर्वाधार निर्माण/ सडक तथा पूलः सवै वडामा निर्माण हुने सडक कालोपत्रेमा जोड दिइनेछ । सडक ढलान कार्यलाई निरुत्साहित गरिनेछ । सवै सालबसाली योजनाहरुको निर्माण दोश्रो चौमासिक भित्र सम्पन्न गर्ने गरी वजेट व्यवस्था गरिनेछ ।

६५. निर्माण भएका सडक र सडकमा रहेका विद्युतिय तार पोलहरु सम्वन्धित निकायसंग समन्वय र सहकार्य गरी कार्य अघि वढाईनेछ ।

६६. उद्योगको हबको रुपमा परिचित पालिकामा औधोगिक कोरिडोर निर्माण गरी उद्योग संचालनको लागि सहज सडक निर्माण गरिनेछ साथै औधोगिक कोरिडोरलाई पर्यटकिय क्षेत्रको रुपमा विस्तार गर्न आवश्यक पूर्वाधारहरुको निर्माणका लागि वातावरण तयार गरिनेछ ।नगरको केन्द्रको रुपमा रहेको जीतपुर बजारलाई बाणिज्य तथा ब्यापारको आधुनिक हबको रुपमा विकास गरिनेछ ।

६७. योजना शाखाले कुनै पनि निर्माण कार्यको लागत अनुमान तयार गर्दा सोसंग सम्वन्धित सबै कार्यको लागत अनुमान तयार गरी क्रमश निर्माण कार्य अघि वढाउनु पर्नेछ ।जस्तैः विजुलिका पोल खानेपानीको पाईप वर्षाको पानिको निकास तथा सडकको दुवै किनारामा वृक्षारोपण र संरक्षण जस्ता कार्यहरु बुझनु पर्नेछ ।

६८. बिपद व्यवस्थापनः उपमहानगरपालिकाभित्र प्राकृतिक प्रकोपलगायत विपदहरुको व्यवस्थापनका छुट्टै कोष स्थापना गरी सन्चालन गरीने छ । उक्त कोषको रकम खर्च गर्नको लागी छट्टै कार्यविधि वनाई लागु गरिनेछ ।

६९. यस वर्ष जीतपुरसिमरामा व्यापारिक कम्प्लेक्स भवन, वाहिरि चक्रपथ सडकको ३ वर्षे गुरुयोजना वनाई निर्माण कार्यको थालनी गरीने छ ।हाल भै रहेको कार्यालय भवनमा सबै महाशाखाहरु संचालन गर्न कठिनाई परेको हुदाँ बैकल्पिक व्यवस्था गरीने छ ।

७०. सुन्दर शहरको परिकल्पना नगरवासीको चाहना र ईच्छा भई रहन्छ । उक्त कार्यको लागी सवै नागरिकलाई जिम्वारी वनाउन एक घर २ विरुवा वृक्षारोपण तथा एक वडा एकपार्कको व्यवस्था मिलाईनेछ । शहरलाई सुन्दर वनाउन सडकको दुवैतिर विरुवा लगाईनेछ ।

७१. जीतपुरसिमरा उपमहानगरपालिकाको जीतपुर र सिमरामा सार्वजनिक शौचालयको प्रयास व्यवस्था नभएको हुदाँ जनताको सुविधालाई ध्यान दिई कम्तीमा २/२ वटा सार्वजनिक शौचालय निर्माण गरी संरक्षण तथा सन्चालनको व्यवस्था निजी क्षेत्रलाई दिईनेछ ।

७२. निर्माण सम्पन्न भएका सडकऽ सिचाईहरुको संरक्षणको लागी सडक वोर्डमा योजना वनाई वजेट व्यवस्था गरिने छ । आन्तरिक आय बृद्धि हुने प्रकृतिका अस्पताल, व्यापारिक भवन र घण्टाघरको निर्माण, गढिमाई सजनाथ काठघाट, चुरियामाई अमलेखगन्ज पिलुवा, सामुदायिक र साझेदारी वनमा समेत डिभिजन वन र राष्ट्रिय निकुण्जसंग सहकार्य गरी पर्यटन प्रवर्द्धन गर्न स्थानिय पुर्वाधार निर्माण प्राधिकरण गठन गरी नगर विकास कोषमा पहल गरिनेछ ।

७३. नगरविकास कोषसंगको समन्वयमा तपशिल बमोजिमका आन्तरिक आय बढाउँने पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछः

क. कृषि बजारः जीतपुरसिमरा उमनपा वडा नं. ८, लोसण्डा ।

ख. व्यापारिक भवनः जीतपुर, सिमरा, नितनपुर, डुमरवाना ।

ग. ट्रक तथा वस पार्किङः वडा नं. ५, वडा नं. २३, पथलैया र अमलेखगञ्ज ।

घ. औधोगिक कोरिडोर व्यवस्थापन

राजन पौडेल
नगर प्रमुख

<u>भूमि व्यवस्थापनः</u>

७४. भूमि व्यवस्थापन हाम्रो प्रमुख कार्यभार हो । सार्वजनिक ऐलानी तथा पर्ती जमिनहरु अतिक्रमित छन । राज्यले विभिन्न समयमा सुकुम्बासी समस्या समाधान आयोगमार्फत वितरण गरेका जग्गाधनीपुर्जा चलनचल्तीमा आएका छैनन । ऐलानी र पर्ती जमिनको व्यवस्थापन गर्ने, सार्वजनिक जग्गाको संरक्षण गर्ने, सार्वजनिक हितका लागि संरचना निर्माण गर्ने र अन्य माध्यमबाट जमिनको अधिकतम सदुपयोगका लागि ध्यान दिइनेछ । उपमहानगरपालिकाभित्रका वास्तविक सुकुम्बासीहरुको तथ्यांक संकलन गरी संघ सरकार तथा प्रदेश सरकारको अभिभावकत्व र सहकार्यमा उनीहरुलाई आवासका लागि जग्गाको व्यवस्था मिलाइनेछ । सार्वजनिक तथा सरकारी जमिनको संरक्षणको प्रभावकारी प्रवन्ध मिलाइनेछ । ऐलानी तथा पर्ती जग्गाको व्यवस्थापन गर्ने र अव्यवस्थित वसोवार र सुकुम्बासीको उचित व्यवस्थापन गर्न पहल गरिनेछ ।

७५. विशेष आर्थिक क्षेत्र र सार्वजनिक तथा सरकारी जग्गामा बसेकाहरुको वर्गीकरण गरी उनीहरुको उचित व्यवस्थापनको लागि पहल लिइनेछ ।

७६. आवास तथा शहरीकरणः व्यवस्थित शहरी करणको लागी ल्याण्डपुलिङ्ग व्यवस्थापन गरिनेछ । आजका मितिसम्म दर्तावाला कम्पनी, प्रा.लि. र व्यक्तिहरुले आवास प्रयोजनका लागि खण्डिकरण (प्लटिङ) गरेको जग्गाहरु नगरमा विक्रि मुल्य सहित सूचिकृत गरि खरिद विक्रि गर्ने व्यवस्था मिलाएको छु ।

७७. यस नगरभित्र २० माइक्रोन भन्दा माथिको प्लाष्टिक झोला नगरबाट विस्थापित गरिनेछ । नगरभित्र उद्योग सञ्चालन गरी वैकल्पिक उतपदन गर्ने उद्योगलाई विक्रि मुल्यको १० प्रतिशत अनुदान दिने व्यवस्थालाई निरन्तरता दिएकोछु ।

## सहकारी, रोजगारी तथा गरीवी निवारणः

७८. सहकारीमार्फत समुदायको पूंजी, संगठन र क्रियाशिलता व्यवस्थित गर्नुका साथै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ध्यान दिइनेछ । बचत तथा ऋण सहकारीहरुको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाएर जोखिम न्युनीकरणमा ध्यान दिइनेछ ।

७९. कृषि तथा पशु उत्पादन केन्द्रीत सहकारीहरु मार्फत कृषिको व्यवसायीकरणमा ध्यान दिइनेछ । सहकारीमार्फत शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय सञ्चालनका लागि सहकारी तथा समुदायलाई आह्वान गर्दछौ ।

## पर्यटन प्रवर्द्धनः

८०. यस उपमहानगरपालिकाभित्र धेरै होटल तथा रेस्टुरेन्टहरु सञ्चालित छन । उपमहानगरपालिकाको समृद्धिको एक मुख्य आधार पर्यटन हो ।पर्सा राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय, सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन र निजि क्षेत्रका उद्योग वाणिज्य संघ, चेम्वर अफ कमर्स, होटल तथा पर्यटन व्यवसायिक संघ र समुदायसंग सहकार्य गर्ने व्यवस्था मिलाईनेछ ।

८१. आन्तरिक पर्यटनको विकास र खेलकद विकासका लागि हाईकिङ तथा साईकिलिङ लेन (सिमरा रंगशाला उत्तर - देवाश्रम- मौलापुर - नयाँबस्ति जंगल छेउ- बालगंगा खोला - सखुवाघाट - ८ किलो हाईवे ) निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

८२. होमस्टे व्यवसायको लागि प्रवर्द्धनात्मक कार्यक्रम मार्फत होमस्टे सन्चालनलाई प्रोत्साहन गरिनेछ ।

८३. कर्मकुमारी धारा, वाडा, लिङ्गेश्वर, महादेव मन्दिर, अमलेखगञ्ज, ऐतिहासिक राणाकालिन कमिनी दह, पर्सा राष्ट्रिय निकुञ्ज, हातिसार, हलखोरिया दह, रामजानकी मन्दिर,बंगडी ताल,शान्ति बाटिका पार्क, चुरियामाई मन्दिर, मुसहर्नीमाई मन्दिर, गढीमाई मन्दिर, सहजनाथ महादेव मन्दिर, जलेश्वर महादेव मन्दिर, थानीमाई मन्दिर, छठिमाई मन्दिर, मठमन्दिर, मस्जिद, चर्च, गुम्बा, कब्रस्तान, इदगाह लगायत अन्य सम्भावित पालिका भित्रका पर्यटकिय क्षेत्रलाई खोजी गरि आन्तरिक तथा बाह्य पर्यटनसंग जोड्ने कार्यको अध्ययन र कार्यान्वयन प्रक्रियालाई अघि बढाईनेछ ।

नगर प्रमुख

८४. अमलेखगञ्ज (वडा नं. २१ र २२) क्षेत्रलाई विशेष पर्यटन गाँउ घोषणा गरिनेछ ।

८५. पिलुवा क्षेत्रलाई पर्यटकिय विकास गर्न यथासक्य आवश्यक प्रक्रिया अघि बढाईनेछ ।

८६. पथलैया बजारलाई २४ घण्टा खुला राखी सेवा, सत्कार र पर्यटनसंग आर्थिक समुन्नतीलाई जोड्ने गरि आवश्यक व्यवस्था मिलाएकोछु ।

भाषा तथा संस्कृति तथा जेष्ठ नगरिकः

८७. यो उपमहानगरपालिका बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक स्थल हो । उपमहानगरभित्रका विभिन्न जाति विशेषहरुका धर्मसंस्कृति र परम्परालाई संरक्षण र सम्वद्र्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ । सबै जनजातिहरुको संस्कृति प्रतिविम्बित हुने गरी जनजाति संग्रहालयका लागि अध्ययन प्रक्रिया अघि बढाइनेछ ।

८८. नगर स्तरिय सस्कृती तथा नाचघरको अध्ययन गरी निर्माण कार्य अघि वढाईनेदछ । राष्टिय भाषा ऽ भोजपुरि भाषाऽ साहित्य कला सस्कृति लगायत स्थानिय भाषाको संरक्षण गरिनेछ ।

८९. जेष्ठ नागरिकः समाजमा रहेका जेष्ठ नागरिकहरुको यथोचित सम्मानमा ध्यान दिइनेछ । अतिवृद्ध जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता घरैमा पुर्‍याउनका लागि पहल लिइनेछ । जेष्ठ नागरिक परिचयपत्र वितरणलाई थप सहज बनाइनेछ ।सामाजिक सुरक्षा भत्ता बैकमार्फत वितरण गरि रहेकोमा अव देखि सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैकहरुसँग सहकार्य गरी वर्षमा कम्ती ३ पटक वडा कार्यालयवाट वितरणको थालनी गरिनेछ।

बजार व्यवस्थापन र अनुगमनः

९०. उमप्रमुखको अध्यक्षतामा अनुगमन समिति निर्माण गरी जनतासंग प्रतक्ष्य सरोकार राख्ने विषयका सामानहरुको अनुगमन वर्षमा कम्तिमा ४ पटक गरिनेछ । सोकार्यको लागी प्रशासन र सुरक्षाकर्मीसंग समन्वय गरिनेछ ।

९१. नेपाल दुरसन्चार प्राविधिकसंग समन्वय गरी वाईफाई जोन कम्तीमा ५ स्थानमा लागु गरिनेछ ।

९२. नगरक्षेत्र क्रियाशिल संचार कर्मी तथा संचार माध्यमलाई व्यवस्थित गर्न यसै वर्ष संचार ऐन र कार्यविधि निर्माण गरी लागु गरिनेछ ।

सामाजिक सुरक्षातर्फः

९३. फरक क्षमता भएका व्यक्तिहरुलाई स्वरोजगारका लागि विशेष व्यवस्था मिलाईनेछ ।

९४. सामाजिक सुरक्षा भत्ताहरुलाई लाभग्राहीहरुको नजिक पर्ने क र ख वर्गका बैंकहरु मार्फत सहज सरल रुपमा व्यवस्था गर्ने व्यवस्था मिलाएको छु ।

९५. बालबालिकाहरुको सरक्षित तथा स्वस्थ हुर्काईका लागि अत्यावश्यक चिल्ड्रन पार्कको निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

**प्रशासनतर्फः**

९६. जनप्रतिनिधि र कर्मचारीहरुको कामको सिलसिलामा कुनै दुर्घटना भइ अङ्गभङ्ग भएको र मृत्युभएमा रु २५ लाखसम्मको विमा गर्ने व्यवस्था मिलाएको छ ।स्थायी तथा करारमा कार्यरत कर्मचारीहरुलाई महगी भत्ता थप गर्ने व्यवस्था मिलाएको छ ।

९७. सँघीय सरकारवाट २०७९ साल श्रावण १ गते देखि लागु हुनेगरी बृद्धि गरेको १५ प्रतिशत तलव सहितको तलवमान सोही मिति देखि लागु गरिनेछ ।

नगर प्रमुख

९८. विद्युतीय भुक्तानी प्रणाली मिति २०७९/०२/२७ गते देखि लागु गरिएको छ । २०७९ श्रावण १ गते देखि पूर्णरुपमा लागु गरिनेछ ।

९९. स्थायी सेवामा कार्यरत निजामती, स्वास्थ्य र स्थानीय तहका कर्मचारीहरुको सरुवा, पदस्थापन र जिम्मेवारी सम्बन्धि कार्यविधि तयार गरी दुई/दुई वर्षमा कार्यक्षमताको मूल्यांकनको आधारमा सबै क्षेत्रको अनुभव हासिल गर्ने गरी कर्मचारी व्यवस्थापन गरिनेछ । नगरमा भएका कुल दरबन्दीको आवश्यकता पहिचान गरी संघीय सरकारले स्वीकृत गरेको दरबन्दी र स्थानीय तहबाट नियुक्ति भएका कर्मचारीहरुको र समायोजन भएका कर्मचारीहरुको एकमुष्ठ दरबन्दी तयार गरी संघ र प्रदेशको कानूनसंग नबाझिने गरी एकिकृत दरवन्दी तयार गरी मिलान गर्ने प्रक्रियालाई अघि बढाइनेछ । दरबन्दी मिलान पछि फाजिलमा रहेका अस्थायी तथा करार कर्मचारीहरुको हकमा २०७९ साल असारमसान्तसम्म पांच वर्ष सेवा गरिसकेका रहेछन भने त्यस्ता कर्मचारीलाई कोषको व्यवस्था गरी ससम्मान बिदा गर्ने व्यवस्था मिलाइनेछ ।

१००. जननिर्वाचित पदाधिकारी/स्थायी/करार सेवामा कार्यरत कर्मचारीहरुलाई अनिवार्य रुपमा QR code सहितको परिचयपत्रको व्यवस्था गरिनेछ ।

१०१. अस्थायी तथा करार कर्मचारीको ६/६ महिनामा कार्य सम्पादन मूल्याङकन सम्बन्धित शाखा प्रमुखको सिफरिसमा कर्मचारी प्रशासन शाखा मार्फत गरिने व्यवस्था मिलाएको छु सोही आधारमा अस्थायी तथा करार कर्मचारीको म्याद थप गर्ने। नगर्ने व्यवस्था मिलाएकोछु ।

१०२. सम्पूण कररामा नियुक्ती हुने कार्यालयको सुरक्षा, सरसफाई, कार्यालय सहयोगी र ड्राईभिङ तथा स्वास्थ्य सेवामा काम गर्ने अनमि अहेव र शिक्षकऽ कृषि तथा भेटेनरी सहायकको सेवा लिनु परेमा फर्म, संस्था वा कम्पनीसँग लिने व्यवस्था मिलाएको छु ।हाल कार्यरत कर्मचारीलाई समेत सो दायरामा ल्याईनेछ ।

१०३. कलैया उपमहानगरपालिका अन्तर्गत र यस नगर भन्दा वाहिरका बैंकहरुमा कारोवार गरी रहेका सबै सरकारी खाताहरुलाई अविलम्व वन्द गरी यस नगरमा रहेका बैंकहरुमा खाता खोली २०७९ साल श्रावण १ गते देखि कारोवार नियमित गर्ने गराउने व्यवस्गा मिलाईनेछ ।

१०४. सभाबाट पारित भएका वडा स्तरिय योजना तथा कार्यक्रमहरुको रकमान्तर तथा संशोधन गर्दा विनियोजित बजेट रकम र खर्च शिर्षकमा हेरफेर नहुने गरी वडा समितिको सिफारिसमा वडाको कूल बजेटको १० प्रतिशत सम्म नगर प्रमुखबाट रकमान्तर तथा संशोधन र सो भन्दा बढी रकमान्तर तथा संशोधन गर्नु पर्ने भए कार्यपालिकाबाट गर्ने व्यवस्था मिलाएको छु।

१०५. राजस्व संकलन तथा परिचालनका लागि सरकारी कारोवार गर्ने बाणिज्य बैंकले नगर कार्यपालिकाको कार्यालयमा वडा कार्यालयमा काउन्टरको स्थापना गरी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

१०६. नेपाल विद्युत प्राधिकरणले कलैया र वीरगंज वितरण केन्द्रवाट दिई रहेको सेवाहरु सिमरा वितरण केन्द्रवाट वितरण गर्न पहल गर्न लेखि पठाउने व्यवस्था मिलाईनेछ ।

१०७. अन्तमा, जीतपुरसिमरा उपमहानगरपालिकाको विकासका लागि संघ र प्रदेश सरकारको भूमिकाको अपेक्षा गरेका छौं । यीनै नीति तथा कार्यक्रमहरुको आधारमा आ. व. २०७८।०७९ को वार्षिक बजेट तथा कार्यक्रम उपप्रमुखबाट प्रस्तुत हुनेछ । यही नीति तथा कार्यक्रमको अधीनमा रही हाम्रा समग्र कामकारवाहीहरु अघि बढनेछन ।

१०८. प्रस्तुत नीति तथा कार्यक्रमले कोभिड १९ ले अर्थतन्त्रमा पारेको नकरात्मक प्रभावलाई न्यूनीकरण गर्नुका साथै यस नगरको आर्थिक, सामाजिक लगायतका समग्र क्षेत्र र विकासमा थाप सुधार तथा प्रगति हुने विश्वास लिएको छु । नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि सरकारी, निजी तथा सहकारी क्षेत्रको संयुक्त प्रयास अघि बढनेछ । साथै गैरसरकारी संस्था तथा दातृ निकायहरुसंग सहकार्य र साझेदारीको अपेक्षा गरेका छौं ।

राजन पौडेल
नगर प्रमुख

## सूचना प्रविधि, सार्वजनिक सेवा प्रवाह र वातावरण, वन, सरसफाई तथा विपद् तर्फः

१०९. आजको युग सूचना प्रविधिको युग हो । वेवसाइट र सामाजिक सञ्जालको प्रवाहले सूचना तथा सञ्चारको विस्तार र महत्व बढाएको छ । उपमहानगरपालिका र नागरिकवीच छोटो र जीवन्त सम्पर्क र सहकार्य स्थापित गर्न छुट्टै वेभ वनाइ सूचना आदान प्रदानलाइ सहजता गरिनेछ । यस जीतपुरसिमरा उपमहानगरपालिकाका सवै शाखामा कार्यभार र आवश्यकताका आधारमा सफ्टवेयर सञ्चालनमा जोड दिइनेछ । दुई वा सो भन्दा वढी शाखासाग सम्वन्धित फाइल मिस प्लेस हुनबाट जोगाउन र खोजेको वेलामा सहजै पाउनका लागि फाइल टयापिङ सफ्टवेयरको व्यवस्था गरिनेछ। मोवाईल ऐप प्रयोग गरीनेछ ।कार्यालयमा ईन्टर कम तुरुन्त प्रयोगमा ल्याईनेछ ।

११०. नगरमा वढी फोहोर उत्पादन गर्ने र कम फोहोर उत्पादन गर्नेको पहिचान गरी निजहरुसंग समन्वय गरी सन्तुलनमा ल्याईनेछ ।

१११. प्रत्येक नागरिकको मौलिक अधिकार भित्र पर्ने स्वच्छ खानेपानी तथा स्वच्छ वातावरणको व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

११२. नगर भरि एक घर एक विरुवा मार्फत नगर हरियालीलाई प्रवर्द्धन गर्न "नगरको विरुवा मेरो रुख" कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

११३. उद्योगबाट हुने प्रदुषण नियन्त्रण तथा नदि नियन्त्रण गर्न सरोकारवालासंग आवश्यक समन्वय गरि सामाधानको खोजि गरिनेछ ।

११४. नगरक्षेत्र भित्रका सबै टोलहरुमा टोल विकास समिति मार्फत विकास निर्माण तथा सामाजिक, आर्थिक विकासलाई मध्यनगर गरि यसै वर्ष देखि यस सम्बन्धि आवश्यक कानुनी व्यवस्था तथा निर्णय लिईनेछ ।

११५. नगर क्षेत्र भित्र रहेका सबै सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्थाहरुलाई वातावरण मैत्री बनाउनका लागि पहल गरिनेछ ।

११६. उमहानगरपालिकामा एक दमकल छ । यो दमकलबाट मात्रै आवश्यक सेवा पुग्ने अवस्था देखिदैन । नेपाल सरकारसंग थप एक दमकलका लागि पहल गरिनेछ ।

११७. फोहरमैला व्यवस्थापनको लागि फोहरको सेग्रीग्रेड गरी फोहरबाट मोहर भित्र्याउने अभियान दिर्घकालिन रुपमा चालिनेछ।

११८. यस नगरको विकासमा आधारशिला तयार गर्ने निवर्तमान प्रमुख सहितका निवर्तमान जनप्रतिनिधीहरु तथा पूर्व जनप्रतिनिधीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस क्षेत्रको समग्र विकासको फराकिलो आधार निर्माण गर्नका लागि प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिई योगदान गर्नुहुने जनप्रतिनिधिहरु, राजनितिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, निजी क्षेत्र, नागरिक समाज, श्रमजीवी नागरिक, सञ्चारकर्मी, साझेदारी संघसंस्था र सम्पूर्ण नगरवासीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

राजन पौडेल
नगर प्रमुख
प्रमुख

# अनुसूची — २

(छैठौं नगर सभाको निर्णय नं. २ सँग सम्बन्धित)

## नगर उपप्रमुख श्री भोला प्रसाद अधिकारी ज्यूबाट
## जीतपुरसिमरा उपमहानगरपालिका
## आ.व.२०७९/०८० को छैठौं नगर सभामा
## प्रस्तुत बजेट मन्तव्य

यस गरिमामय नगर सभाका सभाध्यक्ष महोदय; नगरसभाका सदस्यज्यूहरु,

हामी यस नगरपालिकामा २०७९ साल बैशाख ३० गतेका दिन आ-आफ्नो राजनितिक दलको तर्फवाट निर्वाचित भइ जनप्रतिनिधिको रुपमा आएका छौ । यस पालिकाको उपप्रमुखको हैसियतले यस सम्मानित नगरसभा समक्ष उपस्थित हुन पाउदा गर्वलागेको छ । म सबै नगरवासीलाई धन्यवाद दिन चाहन्छु ।

सभाध्यक्ष ज्यू

आगामी आर्थिक बर्ष २०७९/०८० को संचित कोषबाट विनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत विवरण बजेट प्रस्तुत गर्न गई रहेको छु । यस अवसरमा राजनीतिक परिवर्तनको लागी जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु र यस नगरको उच्च प्रगतीको लागि शहिद हुनुहुने उहाँहरु प्रति पनि हार्दिक श्रद्धाञ्जली र समवेदना ब्यक्त गर्दछु साथै उहाँहरूले पुर्याउनु भएको सेवा र समर्पणप्रति यो सभा सदैव कृतज्ञ रहनेछ । त्यसै गरी राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागी संघर्ष गर्नुहुने यस नगरका महान नेपाली नागरिक र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नुहुने सबैमा हार्दिक सम्मान प्रकट गर्दछु ।निवर्तमान नगर प्रमुख, उपप्रमुख तथा जनप्रतिनिधिहरुले यस नगरलाई पुर्याउनु सेवा प्रति उच्च प्रशंसा गर्दछु ।

लामो संघर्ष र जनआन्दोलन पछि नेपाली जनताको चाहाना अनुरुप संघीय ढाँचाको समाबेशी जनप्रतिनिधिमुलक राज्य प्रणाली स्थापना भएको छ । संबिधानमा भएको तीन तहको सरकारको ब्यवस्था अनुरुप जनताको सबैभन्दा निकट रहेर जनतासँग हातेमालो गर्दै सुखःदुखमा सहकार्य गर्न वि.स.२०७१ बैशाख महिनामा गढीमाई नगरपालिका हुँदै आज उपमहानगरपालिकाको छैठौ नगर सभामा उपस्थिति हुन पाएकोछु ।

यस पालिकाको समृद्धी र विकासका लागि हालसम्मका प्रयासलाई निरन्तरता दिँदै लैजान नेपालको संविधानको धारा २३० बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको उपप्रमुख हैसियतले यस सम्मानित छैठौं नगर सभामा आगामी आर्थिक बर्ष २०७९।०८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

प्रस्तुत बजेटलाई उत्पादन तर्फ, समष्टिगत आर्थिक स्थिरता तर्फ र बञ्चितिकरणबाट समावेशीता तर्फको प्रस्थान बजेटको रुपमा प्रस्तुत गरेको छु ।



राजन पौडेल
नगर प्रमुख

चालु आर्थिक बर्षमा राजश्व; प्रक्षेपण गरिएकोमा विविध कारणले राजस्व संकलनमा अनुमान भन्दा कम संकलन भएको छ । विविध आन्तरिक तथा वाह्य कारणले योजना कार्यान्वयनको अवस्था अझै सन्तोषजनक नभएता पनि पुजीगत खर्चको अवस्थालाई हेर्दा निराश हुनु पर्ने अवस्था पनि छैन । तथापी समग्र योजना कार्यान्वयन प्रकृयामा थप सुधार र परिष्करणको खाँचो पुर्ति हुन बाँकी नै छ ।

**सभा अध्यक्षज्यू,**

यसै सन्दर्भमा हाम्रा सामु रहेका समसामयीक आर्थिक चुनौतीहरु देहाय बमोजिम पहिचान गरेको छु ।

क) राजश्व परिचालन

- क्षमता अनुसार आन्तरिक आम्दानी संकलन गर्ने प्रयास अघि बढिरहेको छ ।
- करका दायरालाई फराकिलो बनाउन प्रयत्नशिल छौ ।
- कर संकलन प्रकृयालाई सरल, सहज र प्रविधिमैत्री बनाउन कोशिसमा छौ ।
- करका दरहरुमा पुनरावलोक गरिएको छ ।

ख) जनशक्ति व्यवस्थापन

- स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पदपुर्ति भइरहेको छ ।
- कर्मचारीहरुको उत्प्रेरणा र मनोबल बढाई सेवाग्राहीमैत्री ढंगबाट परिचालन गरीरहेका छौं ।

ग) भौतिक संरचना व्यवस्थापनः

- वडा कार्यालय र स्वास्थ्य चौकीहरुको भवन निर्माण भैरहेको छ ।
- फोहरमैला व्यवस्थापनको लागि स्थायी प्रकृतिको डम्पिङ साईड बनाउँन कार्यपालिका प्रयासरत छ ।
- नयाँ योजनाहरु क्रमिक रुपमा लागु गरिदै लगिनेछ ।

**सभाअध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

हाम्रा सामु विभिन्न चुनौती र समस्याहरु रहेको भएतापनि सो चुनौतिलाई अवसरमा रुपान्तरण गरी समृध्दीको मार्गमा अघि बढ्न प्रयासरत रह्यौं । संघीय सरकार,प्रदेश सरकारबाट प्रयास कानुनहरुको निर्माण, यस पालिकालाई समेत सम्पन्न गर्न नसकेका कार्यहरु यस सभामा विगत देखि हालसम्म प्रस्तुत भएका नीति तथा कार्यक्रम यस सभाले र आगामी सभाहरुमा कार्यान्वयनको लागि मुल दर्शन बन्नेछ भन्ने आशा लिएको छु ।

जीतपुरसिमरा उपमहानगरपालिकाको भौगोलिक विविधता, साँस्कृतिक विविधता, बढ्दो जनसंख्या एवम् सीमित स्रोतसाधनबाट अधिकतम लाभ हासिल गरी प्राप्त लाभलाई न्यायोचित वितरण गर्न आगामी आ.व.को बजेट तथा कार्यक्रमको उद्धेश्य तपशिल बमोजिम रहेका छन् ।

- ❖ नागरिकका मौलिक हकको रुपमा रहेको जीबनयापनका न्यूनतम आधारभुत आवश्यकताहरु शीघ्र परिपुर्ति गर्दै गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने ।
- ❖ उपलब्ध साधन, स्रोत उच्चतम उपयोग गरी आर्थिक तथा मानबीय विकास गर्ने ।
- ❖ आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत, सुदृढ, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने ।



राजन पौडेल
नगर प्रमुख

❖ सेवाग्राहीलाई छिटो छरितो सेवा प्रवाह गर्ने ।
❖ सार्वजनिक सेवा प्रवाह पद्दतिलाई संस्थागत गर्ने ।
❖ नागरिक तहमा परिवर्तनको आभास दिलाउने ।
❖ भुक्तानी प्रणालीलाई सहज बनाईने ।

योजना छनौट गर्दा स्थानीय आवश्यकता, योजना तर्जुमा सम्बन्धी सर्वमान्य सिध्दान्त एवम् मार्गदर्शन समेतका आधारमा तपशील बमोजिम योजनाहरुको प्राथमिकीकरण गरेको छु ।

❖ जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।
❖ उत्पादनमूलक र शिघ्र प्रतिफल दिने योजनाहरु ।
❖ आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुऱ्याउने ।
❖ छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।
❖ पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।
❖ स्थानीय स्रोतसाधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने ।
❖ प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
❖ परम्परागत धर्म,संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने।
❖ वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने ।
❖ उपमहानगरपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।
❖ लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

**सभाध्यक्ष, नगरसभा सदस्यज्यूहरु**

**यस नगरका नगर प्रमुखवाट प्रस्तुत भएको निति तथा कार्यक्रम यस सभवाट अनुमोदन भएको छ ।**

आ व २०७८।२०८९ को राजस्व अनुमान र आम्दानीको वारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

१. अब म यिनै उद्धेश्य र प्राथमिकताको आधारमा रहेर तयार गरिएको आर्थिक बर्ष २०७८।२०७९ को बजेटको आम्दानी र खर्च प्रस्तुत गर्दछु । आ.व. २०७८/०७९ मा २ अर्व ६० करोड २९ लाख ९१ हजार ६ सय १६ )अक्षेरुपी रुपैयाँ दुइ अर्ब साठी करोड उनान्तिस लाख एकान्नब्बे हजार छ सय सोह्र मात्र) विनियोजन भएकोमा सशर्त अनुदानमा स्वास्थ्यको तलव खानेपानी तथा वडा नं ६ मा सिचाईमा वजेट थप हुन गई २०७९ साल जेष्ठ मसान्तसम्म चालुतर्फ १ अरव ७ करोड ५४ लाख ७५ हजार पुजीगततर्फ रु १ अर्व ५२ करोड ७५ लाख १७ हजार गरी कुल वजेट रु २ अर्व ६० करोड २९ लाख ९२ हजार कायम भएको छ ।

२. पालिकाको आव २०७८।२०७९ मा आफ्नो आन्तरिक श्रोत रु १ अरव ३३ करोड १३ लाख अनुमान गरिएकोमा रु ६ करोड ५० लाख असुली गरेको छ । वडा कार्यालयहरुवाट २०७९ जेष्ठसम्म रु १ करोड ६८ लाख, नगरवाट कुल राजस्व रु ४ करोड ८२ लाख असुली भएकोछ । सम्मानित सभावाट अनुमान गरिएको कुल राजस्वको ५ प्रतिशत मात्र राजस्व असुली भएको छ ।

राजन पौडेल
नगर प्रमुख

३. आ व २०७८।२०७९ मा नगरले स्थानिय राजस्व बाँडफाँड मालपोत रजिष्ट्रेसनमा रु १० करोड र ढुंगागिट्टी वालुवामा रु ७ करोड गरी जम्मा रु १७ करोड अनुमान गरिएकोमा २०७९ जेष्ठमसान्त सम्म मालपोत रु ११ करोड, ढुंगागिट्टी वालुवामा रु ४ करोड ८० लाखमा ठेक्का सकार भएकोमा एकमुष्ट रकम दाखिला गरेमा १० प्रतिशत छुट दिनु पर्ने भएकोले निज ठेकेदारवाट रु ४ करोड ३२ लाख ठेक्का रकम असुली भएको छ । नगरले असुली गर्ने ढुंगा गिट्टी वालुवा र विज्ञापन कर वापतको रकम मध्येवाट ६० प्रतिशत रकम नगरमा आम्दानी जनाई वाँकी ४० प्रतिशत रकम प्रदेश सरकारलाई हस्तान्तरण गर्नु पर्ने कानुनी व्यवस्था रहेकोछ । सो अनुसार ढुंगागिट्टी वालुवामा ४० प्रतिशतले हुने रु १ करोड ७२ लाख ८० हजार प्रदेश सरकारलाई र ६० प्रतिशत नगरको रु २ करोड ५९ लाख २० हजार, मालपोतवाट रु ११ करोड, विज्ञापन करवाट रु ६ लाख ६० हजार समेत जम्मा स्थानीय राजस्व वाँडफाँडमा रु १३ करोड ६५ सालख ८० हजार असुली भएको छ ।

४. सँघीय सरकारवाट समानीकरण रु २९ करोड ७५ लाख, राजस्व वाँडफाँडमा रु १७ करोड ८७ लाख २८ हजार गरी जम्मा रु ४७ करोड ६२ लाख २८ हजार अनुमान गरिएको सबै रकम निकासा प्राप्त भइ सकेको छ ।

५. प्रदेश सरकारवाट समानीकरणमा रु १ करोड र राजस्व बाँडफाँडमा १ करोड १५ लाख समेत जम्मा रु २ करोड १५ लाख अनुमान गरिएकोमा राजस्व वाँडफाँडमा १८ लाख मात्र निकासा भएकोछ ।

६. उपरोक्त अनुसार आ.व. २०७८।२०७९ मा कुल अनुमान गरिएको रु २ अरव ६० करोड ३० लाखमा मिति २०७९।३।०९ गते सम्म नगरको सँचित कोषमा रु १ अर्व ७३ करोड १० लाख (रु ५५ करोड ३६ लाख गतवर्षको जिम्मेवारी सरेको समेत) दाखिला भएको छ ।

**सभाध्यक्ष लगायत नगरसभा सदस्यज्यूहरु**

आ व २०७९।२०८० मा सँचित कोषवाट हुने विनियोजन रकम नगर प्रमुखबाट प्रस्तुत निति तथा कार्यक्रम र निम्न क्षेत्रहरुलाई प्राथमिकरण गरी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कार्यक्रमहरु प्रस्ताव गर्दछु । यी कार्यक्रम कार्यान्वयनका लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**क) आर्थिक विकास**

- कृषिलाई गरिबी निवारण, बेरोजगारीको न्यूनिकरण र खाद्य सुरक्षाको आधारको रुपमा विकास गर्न यसको आधुनिकीकरण , व्यवसायीकरण, यान्त्रीकरणमा जोड दिइनेछ ।
- कृषि प्रणालीलाई बैज्ञानिक,व्यवसायिक र जलवायु अनुकुलित बनाउदै आर्थिक वृद्धिको दिगो आधार तय गरिनेछ ।
- कृषि सम्बन्धी कार्यक्रमलाई वस्तुपरक र यथार्थ परक बनाउने प्रयास गरेको छु ।
- प्राविधिक सहयोग तथा कृषि सामाग्रीका सुबिधा मार्फत कृषकलाई उत्प्रेरित गरिनेछ ।
- तरकारी पकेट क्षेत्र र मिल्कसिटीको अवधारणालाई अघि बढाउने कार्यक्रमलाई निरन्तरता दिन प्रस्ताव गर्दछु ।
- कृषिमा आधुनिकिकरण ल्याउन कृषकहरुलाई तालीम तथा अवलोकण भ्रमणको कार्यक्रमलाई निरन्तर राखिनेछ ।

राजन पौडेल
नगर प्रमुख

- उद्योग व्यवसायीको व्यवसायिक क्षमता, मर्यादा, राजस्व अभिवृद्धि लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवर्द्धन गर्न विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सहकारी क्षेत्रको विकासका लागि कार्यक्रमहरुलाई निरन्तरता दिएको छु ।

ख) सामाजिक विकास

- सामाजिक विकासको लागी आवश्यक बजेट विनियोजन गरि विभिन्न कार्यक्रमहरु प्रस्ताव गरेको छु ।
- शिक्षा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागी मौजुदा कानुनी, संस्थागत, मानवीय, वातावरणीय पक्षहरु वीच अन्तरसम्बन्ध र सहकार्य कायम गरिने छ ।
- बिद्यालयलाई सुचना प्रबिधि मैत्री बनाई शिक्षाको गुणस्तरियता अभिबृद्धि गर्न कार्यक्रम ल्याइनेछ।
- विद्यालयलाई शैक्षिक प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- नगर भित्रका विद्यालयहरुको भौतिक संरचनाको निर्माणलाई प्राथमिकतामा राखेको छु ।
- बाल शिक्षालाई प्रभावकारी बनाउन शिक्षिकाहरुलाई प्रोत्साहनका विभिन्न औजारहरुको व्यवस्था गरेको छु । साथै पुर्व प्राथमिक बाल कक्षाका लागी आवश्यक शैक्षिक सामाग्री उपलब्ध गराईनेछ ।
- सर्वसुलभ गुणस्तरिय स्वस्थ्य सेवाको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- सिमरा प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा अपग्रेड गर्नको लागि यसै आर्थिक वर्ष देखि काम अगाडी बढाईनेछ र सेवाको गुणस्तर सुधार गरि गरिनेछ ।
- सबै धर्म, जातजातिहरुको संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागी बजेटको व्यवस्था गरेको छु ।
- युवाहरुको शारीरिक र मानसिक विकासका लागी नगर स्तरीय प्रतियोगिताका साथै अन्य खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- खेलकुदको विकासको लागी नगर क्षेत्र भरीको विभिन्न खेलकुद मैदानहरुको स्तरोन्नती, निर्माण तथा संरक्षण गरिनेछ।
- आवश्यक्ताको आधारमा प्रौढ शिक्षा संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिला, जातजाती, मुस्लिम, मधेसी, दलित, अल्पसंख्यक,अपाङ्ग, पिछडा बर्गको उत्थान र विकासका लागी विभिन्न सीपमुलक तालिम लगायतका क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकको सम्मानका निमित्त ठोस कार्यक्रम सन्चालनका लागी सम्बन्धित शिर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु।

ग) पूर्वाधार विकास

- व्यापारिक कम्प्लेक्स भवनको निर्माण गरिनेछ ।
- नगर क्षेत्र भित्रका सम्पूर्ण सडकहरु स्तरउन्नती गरिनेछ ।
- नगर क्षेत्र भित्र कृषकको माग र आवश्यक्ताको आधारमा कृषि सिंचाई कार्यक्रम अन्तर्गत कुलो सफाई, डिप बोरिङ्ग जडान तथा पक्की बाँध निर्माण गरिनेछ ।

- जीतपुर स्थित नगर कार्यपालिका अन्तरगर्तको वडा कार्यालय र स्वास्थ्य चौकीका कार्यालय भवनको निर्माण कार्य सम्पन्न गरि नगर क्षेत्रभित्र अन्य पुर्वाधारका अतिरिक्त निर्माण गर्न यस वर्ष कार्यारम्भ गरिनेछ ।
- पुर्वाधार क्षेत्र विकासका लागि रकम विनियोजन गरेको छु ।

घ) वातावरण, भू-संरक्षण तथा बिपद व्यवस्थापन

- स्वच्छ, सफा एवम् वातावरणमैत्री, प्लाष्टिकमुक्त नगर बनाउनका लागि बैकल्पिक उपायहरुको अवलम्बन गरिनेछ ।
- वनविनाश र वनको क्षयीकरण रोक्दै वन संरक्षण, वृक्षारोपण जस्ता कार्यक्रम ल्याइनेछ ।
- दुर्लभ,लोपोन्मुख जीवजन्तु र वनस्पति संरक्षणका लागि सम्बन्धित निकायहरुसँग सहकार्य गरिनेछ ।
- कृषियोग्य जमिनमा आवासीय प्रयोजनका लागि प्लटिङ्ग गर्ने कार्यको नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक ऐलानी तथा पर्ती जग्गा संरक्षण कार्यलाई तिब्रता दिइनेछ ।
- भुमी माथिको स्वामित्व कायम गर्नका लागि केन्द्र सम्बन्धी बिधेयक मार्फत उपमहानगरपालिका क्षेत्रभित्र बिद्यमान सुकुम्वासी समस्या, अब्यवस्थित बसोबास लगायतका व्यवस्थापनका लागी आवश्यक पहल कदमी गरिनेछ ।
- जल उत्पन्न प्रकोपबाट हुन सक्ने क्षतिको न्युनिकरणको लागी पुर्व तयारी गर्न आवश्यक व्यवस्था मिलाइनेछ । साथै दैवी प्रकोपबाट उन्पन्न परिस्थितलाई सामना गर्न राहत कार्यक्रमको व्यवस्था गरिनेछ ।

ङ) सार्वजनिक सेवा प्रवाह तथा सुशासन

- सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, सहज, सरल, चुस्त, छिटोछरितो तथा प्रविधि मैत्री बनाउने योजना कार्यान्वयन गरिनेछ,
- विधिमा आधारित, सहाभागितामुलक, उत्तरदायी, पारदर्शि सुशासनमैत्री प्रशासनिक संयन्त्र निर्माण गरिनेछ ।
- क्षमता, उत्प्रेरणा र मनोबल अभिवृध्दि गरि जनप्रतिनिधि एवम् कर्मचारीको कार्य सम्पादन स्तर सुधार गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाह तथा सुशासन क्षेत्रका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू

- कृषकको आधुनिकरण र जनतालाई विउमलमा सुविधाको लागी कृषिमा आवश्यक वजेट व्यवस्था गरेको छु ।
- कृषि सिचाई प्रयोजनका विद्युतिय मोटर सन्चालनको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्युतिय पोलहरु नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरी व्यवस्थित गर्नको लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।
- किसानको उत्तादनलाई सहजिकरणा तथा मुल्यमा प्रतिस्पर्धा गर्न सकियो भनि लोसन्डमा कृषि वजार विस्तारको लागी हाल आवश्यक बजेट व्यवस्था गरेको छु ।
- जनताको स्वास्थ्य सेवालाई घरघरमा पहुच पुगोस भनि सिमरामा अस्पतालको निर्माण सुदृढिकरणको लागी बजेट व्यवस्था गरेको छु ।

राजन पौडेल
नगर प्रमुख

- वडा कार्यालयको कार्यालय सन्चालन खर्च वडा कार्यालयका चालु प्रकृतिका खर्चहरुलाई वडाको राजस्व आम्दानीमा आवद्ध गरेको छु । जुन खर्च राजस्वको आम्दानीको १० प्रतिशत भित्र रहने गरी खर्चको व्यवस्था मिलाएको छु । वडा कार्यालय सन्चालन खर्च रु १००००। व्यवस्था गरेको छु ।

- स्थायी सेवा र करार सेवामा कार्यरत कर्मचारीहरुको मनोवलवृद्धि र जनताको सेवालाई चुस्तदुरुस्त रुपमा काम गर्न र जनताको सेवामा समर्पित हुन सहयोग पुगोस भनि मासिक सुरु तलबको १५ प्रतिशत मंहगी भत्ता व्यवस्था गरेको छु । संघिय सरकारले प्रदान गरेको मासिक भत्ता रु २ हजार यथावत राखेको छु ।स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको अन्य भत्ता सम्बन्धमा जुन बढी हुन्छ सो भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाएको छु । नर्सिङ कर्मचारीले पाउँने भत्ता यथावत राखेको छु ।

- प्रमुख प्रशासकिय अधिकृतले २४ सै घण्टा सेवा उपलव्ध गराउनु पर्ने भएकोले मोवाईल सेवा खर्च रु ३०००। मासिक व्यवस्था गरेको छु ।

- घरघरमा गई सेवा पुर्याउने महिला स्वयम सेविकाहरुलाई खाईपाई आएको मासिक भत्ता मा रु ५००।०० पाचसय थप गरी रु ३ हजार व्यवस्था गरेको छु । निजहरुलाई सशर्त र नगरवाट सबै कार्यक्रमहरुमा तालिम तथा अन्य भत्ताहरु दैनिक रु ६००।औ तोकेको छु ।

- बालबिकास सहजकर्ता, महिला स्वयं सेविकाको अपुग हुने रकम नगर बजेटमा व्यवस्था गरेको छु । सामुदायिक विद्यालयमा कार्यरत लेखापालहरुको तलबमा रु.२०००।- थप गरेको छु ।

- धर्म संस्कृति तथा पर्यटन, दलित समुदाय, अल्पसंख्यक तथा पिछडा वर्ग, अपाङ्ग र मुस्लिम समुदाय उत्थानका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

कार्यक्रमहरुको लागि शिर्षक अनुसारको रकम अनुसुचीहरुमा उल्लेख गरिएको छ । बजेट सीमाभित्रका वडास्तरीय योजनाहरु यसैका पुरक योजनाका रुपमा समावेश हुनेछन । चालु आर्थिक वर्ष भित्र विभिन्न संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सरकारी/ गैरसरकारी निकायहरु तथा दातृ पक्षबाट कार्यक्रमसहित प्राप्त हुने रकमलाई स्वतः यसै बजेटको अंग मानी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

प्रस्तावित योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्ययोजना र कार्यविधिहरु बनाई लागु गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

सभा सदस्य ज्यूहरु

अव म आ. व. २०७९।२०८० को संचित कोषबाट विनियोजन हुने अनुमानको बजेट प्रस्तुत गर्न गई रहेको छु । राजस्व परामर्श समितिवाट हामीले करका दरहरु प्रस्ताव गरी यस सम्मानित सभा पेश गरेको छु ।

राजन पौडेल
नगर प्रमुख

- विनियोजनतर्फ निम्नानुसार संचित कोषमा हुने व्ययभारको अनुमान प्रस्ताव गरेको छु ।
    - संघिय सरकार र प्रदेश सरकारवाट आगामी आर्थिक वर्षको सिलिङ्ग प्राप्त हुन आएको हुदा समानिकरण र समपुरक अनुदानमा कुल रु ३२ करोड २८ लाख अनुमान गरेको छु ।
    - संघीय सरकार राजस्व बाँडफाँड रु २१ करोड ३४ लाख ८० हजार प्रदेश सरकार राजस्व बाँडबाँड रु १ करोड ५० लाख समेत जम्मा रु २२ करोड ८४ लाख ८० हजार अनुमान गरेकोछु ।
    - राजस्व बाँडफाँड स्थानिय सरकारवाट मालपोत रजिष्ट्रेशनमा रु १५ करोड, संघीय सरकार राजस्व बाँडफाँड रु.२१ करोड ३४ लाख ८० हजार, प्रदेश सरकार राजस्व बाँडफाँड रु. १ करोड ५० लाख, स्थानीय विज्ञापन कर रु ७ लाख ९२ हजार र ढुङ्गा गिट्टी वालुवावाट रु ६ करोड समेत जम्मा रु.४३ करोड ९२ लाख ७२ हजार प्रस्ताव गरेको छु ।
    - यस नगर र वडावाट आन्तरिक आय वापत आर्थिक वर्ष २०७९।२०८० मा कुल राजस्व रु १० करोड ८ लाख ५२ हजार प्रस्ताव गरेको छु ।
    - सशर्तमा एक मुष्ठ रकम रु ५१ करोड ८३ लाख विनियोजन गरेकोछु । पछि थप भइ आएमा यसैमा समावेश गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय**

- यस नगरमा आर्थिक वर्ष २०७९।२०८० मा कुल वजेट १ अर्ब ४७ करोड ५४ लाख १ हजारको वजेट प्रस्तुत गरेको छु । उपरोक्त बजेट मध्ये रु.९ करोड ४१ लाख ७६ हजार न्यून रहेको छ ।
- हामीले संघ, प्रदेश, नगर विकास कोष, सडक बोर्ड तथा अन्य सरोकारवाला निकायहरुले गर्न सक्ने सम्भावित सहयोग अनुदान र सशर्त फिर्ता एवं प्रदेश सरकारको फिर्ता गर्नु पर्ने दहत्तर बहत्तर शुल्क समेत यस बजेटमा समावेश गरेर जानु पर्ने भएकोले कूल चालू खर्च १ अर्ब ४४ करोड ८ लाख र पुजीगत खर्च तर्फ ७६ करोड ५६ लाख ९२ हजार समेत जम्मा बजेट २ अर्ब २० करोड ६४ लाख ९५ हजार बजेट अनुमान गरेको छु । स्रोत सुनिश्चित बाहेकका अन्य बजेटको हकमा र नगर गौरबका योजनाहरु कार्यान्वयनको लागि नपुग हुने बजेट रु. ७३ करोड ११ लाख संघ, प्रदेश, नगर विकास कोष, सडक बोर्ड तथा अन्य सरोकारवाला निकायहरुसंग पहल गरिनेछ ।
- नगरबाट अशुल हुने करका दरहरु आजबाट लागू हुनेछन ।
- बढाबढ प्रक्रियाबाट अशुल हुने करहरु ठेक्का प्रक्रियाबाट लागू गरिनेछ ।बढाबढबाट लगाईने करहरु ठेक्कापट्टा नभएसम्म कार्यालयले व्यवस्थापन गर्नेछ।

राजन पौडेल
नगर प्रमुख

राजन पौडेल
नगर प्रमुख

सभाध्यक्ष महोदय; नगरसभा सदस्यज्यूहरु एवम् उपस्थित महानुभावहरु,

१) यस सम्मानित छैठौं नगर सभामा नीति तथा कार्यक्रम भित्र रहि देहायका विषयहरु निर्णयार्थका लागि पेश गरेको छु । सम्मानिति सभाबाट निर्णय पारित हुने आशा राखेको छु । नगर प्रमुख श्री राजन पौडेलबाट प्रस्तुत नीति तथा कार्यक्रम नगर सभामा छलफल हुँदा प्राप्त सुझावहरु समेतलाई समावेश गरी अनुसूची १ बमोजिमको नीति तथा कार्यक्रम सर्वसम्मतबाट पारित गरियो ।

२) नगर उपप्रमुख श्री भोला प्रसाद अधिकारीबाट आ.व.२०७९।०८० को संचित कोषबाट विनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत विवरण तथा विनियोजन ऐन, २०७९ अनुसारको रकममा आ.व.२०७९/२०८० मा संघीय सरकार,प्रदेश सरकार र स्थानिय श्रोतवाट प्राप्त हुने रकमहरु समेत समावेश गर्ने गरी प्रस्तुत गर्नु भएको बजेट रु.२ अर्ब २० करोड ६४ लाख ९५ हजार मात्र विनियोजन ऐन,२०७९ अनुसूची—२ (सुत्रका अनुसुची १ देखि ७ सम्म) नगर सभामा स्वीकृतिका लागि पेश गर्नु भएकोमा सर्वसम्मतबाट पारित गरियो ।

३) यस जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९ मा उल्लेखित राजश्वका दरहरु (अनुसूची— ३) सर्वसम्मतबाट पारित गरियो ।

४) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम नगर दररेट तयार गरी लागु गर्ने अधिकार सम्वन्धित स्थानीय तहलाई भएकोले आ.व. २०७९।०८० को लागि विकास निर्माण र अन्य काम कार्वाही गर्न गराउँनको लागि पेश गरेको नगर दररेटलाई सर्वसम्मतबाट पारित गरियो ।

५) यस आर्थिक वर्षदेखि सम्बन्धित वडाभित्र रहेका विद्यालयसँग सम्बन्धित विकास निर्माणको काममा वडा अध्यक्षको संयोजकत्वमा सम्वन्धित विद्यालयको प्रधानाध्यापक र शिक्षा महाशाखाको प्रमुखको विद्यालय अनुगमन समिति बनाई रकम निकासा माग गर्ने र प्र.अ.को सिफारिस तथा सम्वन्धित वडामा रहेका विद्यालयमा कार्यरत शिक्षकहरुको हाजिरी महिना समाप्त भएको पन्ध्र दिन भित्र प्रधानध्यापकको सिफारिशमा सम्वन्धित वडाको वडा अध्यक्षवाट प्रमाणित गरी शिक्षा महाशाखामा नियमितरुपमा उपलव्ध गराउने निर्णय गरियो ।

६) नगर प्रमुख/उपप्रमुख सचिवालय गठन गर्ने र नगरप्रमुखको सचिवालयमा नगरप्रमुखको सिफारिस अनुसार तथा उपप्रमुखको सचिवालयमा उपप्रमुखको सिफारिस अनुसार नियुक्त गर्ने निर्णय गरियो ।

७) यस जीतपुरसिमरा उपमहानगरपालिकाको आ.व.२०७८।०७९ मा नगर कार्यपालिकाबाट भएका सबै निर्णयहरुलाई समर्थन तथा अनुमोदन गर्ने निर्णय गरियो ।

८) नगर कार्यपालिकाको कार्यालयमा हुने विनियोजन ऐन, २०७९ लाई व्यवस्थित गर्न तथा जनताका सेवाहरुलाई पारदर्शि गर्न गराउँनको लागि अनुसूची १० बमोजिमका ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरु चालू आर्थिक वर्ष भित्र तर्जुमा गरि लागू गर्ने निर्णय गरियो ।

९) जीतपुरसिमरा उपमहानगरपालिका अन्तरगतका कार्यालयहरुमा कार्यरत सबै सेवा समूहका कर्मचारीहरुलाई व्यवस्थित तथा नियमित उपस्थिति गराई सेवाप्रवाहलाई छिटो छरितो गराउँन आवश्यक देखिएको छ, कार्यालयबाट नियमित अनुगमन गर्न नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको हकमा प्रशासन तथा जनशक्ति विकास शाखाले, वडा कार्यालयको हकमा वडा अध्यक्षले र स्वास्थ्य संस्थाको हकमा जनस्वास्थ्य प्रवर्द्धन शाखाले हाजिरी दुरुस्त तयार गरी आर्थिक प्रशासन शाखामा महिना समाप्त भएको पन्ध्र दिन भित्र पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

१०) निजामति, स्थानीय तह र स्वास्थ्यतर्फका कर्मचारीहरुको २०७९ साल श्रावण महिनाको तलबी प्रतिवेदन पारित गर्नको लागि राष्ट्रिय कितावखानालाई अनुरोध गर्दै एक जना कर्मचारी खटाईदिन माग गर्ने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

११) दैनिक १२ घण्टा काममा खटिरहेका दमकल चालक र फायर मेनलाई गत आर्थिक वर्ष देखि पाईआएको रासन भत्ता मासिक सात हजार उपलब्ध गराउँने निर्णय गरियो ।

१२) यस कार्यालयमा हाल सवारी साधन नरहेको र कर्मचारीहरु सोही कार्यको लागी करारमा नियुक्त गरिएकोमा सवारी साधन सन्चालनको लागी नियुक्त भई फाजिलमा रहेका कर्मचारीहरुलाई सोही अनुसार मिल्दो पदमा कामकाजमा लगाउने निर्णय गरियो।

१३) यस नगर पालिकामा रहेको सार्वजनिक सम्पतिको लगत तयार गर्न र व्यवस्थित गर्न समिति वनाउने र सो समितिको सेवा, सर्त र सुविधा सम्वन्धि निर्देशिका तयार गर्न कार्यपालिकालाई जिम्मा दिने निर्णय गरीयो ।

१४) आ.व. २०७८।०७९ मा संघीय सरकारबाट प्राप्त भएका योजनाहरु खर्च भई बाँकी रहेको सशर्त रकम को.ले.नि.का फिर्ता गरिएकोले सम्झौता भई सकेका यस आ.व. २०७९।०८० मा भुक्तानी दिनु पर्ने योजनाहरुको विवरण ( म.ले.प.फा.नं.२२१ ) बनाई सम्बन्धित निकायमा निकासा माग गर्ने निर्णय गरियो ।

१५) जीतपुरसिमरा उपमहानगरपालिकाको आ.व. २०७९।२०८० को लागी पेश हुन आएको अनुसूची – ४ बमोजिमको संगठन संरचना बमोजिमको दरवन्दी स्वीकृत गरियो । स्विकृत दरवन्दीअन्तरगत कार्यरतर सो दरवन्दी वाहेकमा कार्यरत रहेका कर्मचारीहरुको दरवन्दीलाई पहिचान गरी एकमुष्ठ संगठन संरचना बमोजिमको दरवन्दी कायम गर्नसंघ र प्रदेशको कानूनसंग नबाझिने गरी Organization & Managment(O&M) गरी एकिकृत दरवन्दी कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

१६) यस उपमहानगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको २०७८।२०७९ मा २०७८ साल श्रावणमा भुक्तानी भएको तलब भत्ताको तलबी प्रतिवेदन सेवाको समूहीकरण (क्लष्टर) अनुसार पारित गरियो ।

१७) आ.व.२०७९।०८० मा पुजिंगत खर्चबाट उपभोक्ता समिति, निर्माण व्यवसायी र संस्थागत हुने भुक्तानीमा शुन्य दशमलव पाच प्रतिशत सर्पदंश उपचार केन्द्रको लागि कट्टा गरि छुट्टै खातामा जम्मा गर्ने व्यवस्था मिलाउने र दुई प्रतिशत अन्य शुल्क वापत कट्टी गरीनेछ ।

१८) नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी हुने २०७९ साल श्रावण १ गते देखि स्वीकृत अनुसुची ४ बमोजिमको नयाँ तलवमान स्थायी सेवामा कार्यरत स्वीकृत दरबन्दी अनुसार यस उपमहानगरपालिकामा पनि लागू गर्ने निर्णय गरियो ।

१९) जनप्रतिनिधि र कर्मचारीहरुको कामको सिलसिलामा कुनै दुर्घटना भई अङ्गभङ्ग भएमा बिल अनुसारको रकम (दोहोरा नपर्ने गरी) र मृत्यु भएमा निर्वाचित जनप्रतिनिधि र स्थायी सेवामा कार्यरत कर्मचारी (स्वीकृत दरबन्दी भित्र रहेको) लाई कार्यपालिकाको निर्णय अनुसार पच्चिस लाख सम्म विमा वापत रकम भुक्तानी दिईनेछ ।

२०) करार सेवा तथा फाजिलमा रहेका कर्मचारीहरुको हकमा २०७९ साल असारमसान्तसम्म पाँच वर्ष भन्दा वढी सेवा अवधि पुरा गरेको करारसेवामा कार्यरत कर्मचारी रहेछ भने त्यस्ता कर्मचारीले स्वेच्छिक अवकास लिन चाहेमा त्यस्ता कर्मचारीलाई एकवर्ष सेवा गरे वापत एकमहिनाको शुरुस्केल तलव वरावरको रकम सुविधा प्रदान गरी स्वेच्छिक अवकाश प्रदान गर्ने निर्णय गरियो ।

२१) वडा कार्यालयको कार्यालय सन्चालन खर्च प्रतिमहिना दश हजार भुक्तानी दिने निर्णय गरियो ।

२२) स्थायी सेवा र करार सेवा (स्वीकृत दरवन्दी भित्रका) मा कार्यरत कर्मचारीहरुको मनोवलवृद्धि र जनताको सेवालाई चुस्तदुरुस्त रुपमा काम गर्ने, जनताको सेवामा समर्पित हुन सहयोग पुगोस भनि मासिक सुरु तलबको पन्ध्र प्रतिशत स्थानीय भत्ता भुक्तानी गर्ने । संघिय सरकारले प्रदान गरेको मासिक रु दुई हजार मंहगी भत्ता स्थायी सेवाको स्वीकृत दरबन्दी भित्रका सेवा समूहमा कार्यरत कर्मचारीलाई प्रदान गर्ने। स्थायी सेवाको स्वीकृत दरबन्दी भित्रका स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुले अन्य भत्ता पाउने रहेछन भने रकम पन्ध्र प्रतिशत स्थानीय भत्ता वापतको रकम मध्ये जुन भत्ताको रकम बढी हुन्छ सोही भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

२३) नर्सिङ कर्मचारीले पाउँने नर्सिङ भत्ता वापत पाँच सय प्रतिमहिना उपलब्ध गराउने निर्णय गरियो ।

२४) प्रमुख प्रशासकिय अधिकृतले २४ सै घण्टा सेवा उपलव्ध गराउनु पर्ने भएकोले मोवाईल सेवा खर्च रु तीन हजार मासिक तलबमा समावेश गरि उपलब्ध गराउने ।

२५) घरघरमा गई सेवा पुर्याउने महिला स्वयम् सेविकाहरुलाई खाईपाई आएको मासिक भत्ता मा पाचसय थप गरी रु तीन हजार तलब उपलब्ध गराउने, निजहरुलाई खोप तथा तालिम कार्यक्रमहरुमा सहभागी भई कार्यक्रम संचालन गरे वापत खाजा तथा यातायात खर्च छ सय मात्र काम गरेको दिनमा उपलब्ध गराउने निर्णय गरियो । महिला स्वयं सेविकाको उमेर पैसठ्ठी वर्ष उमेर पुरा भएकाहरुलाई कार्यपालिकाको निर्णयानुसार पुरस्कार **रकम बढीमा** पचास हजार प्रदान गरी ससम्मान विदाई गर्ने निर्णय गरियो ।

२६) सामुदायिक विद्यालयमा कार्यरत लेखापालहरुको तलबमा दुई हजार थप गर्ने निर्णय गरियो ।

२७) २०७८ साल असार मसान्तसम्म विभिन्न पेश्की रहेको कारणवाट यस नगरको वेरुजुको अङ्कमा वृद्धि भएको देखिएकोले २०७८ साल असार मसान्तसम्मका सबै प्रकारका पेश्की रकम फछ्यौट गर्ने र नियमित गर्न मिल्ने बेरुजुहरु सभामा फछ्र्यौटको लागी पेश गर्नको लागी सँघीय र प्रदेश कानुन नवाझिने गरी उपमेयरको सँयोजकत्वमा सम्वन्धित वडा अध्यक्ष , प्रमुख प्रशासकिय अधिकृत, सम्वन्धित प्राविधिक कर्मचारी, आर्थिक प्रशासन शाखा प्रमुख र आन्तरिक लेखा परिक्षण शाखा प्रमुख सदस्य - सचिव रहने गरी समिति गठन गर्ने र सो समितिको सेवा सर्त र सुविधा सम्वन्धि निर्देशिका कार्यपालिकावाट स्वीकृत गराई लागु गर्ने निर्णय गरियो ।

२८) आर्थिक प्रशासन शाखावाट पेश भएको विभिन्न आ.व.का अन्तिम लेखा परिक्षणवाट औल्याईएका नियमित गर्ने बेरुजुहरु (अनुसुचि-५) सभामा पेश हुदाँ पेश भएका नियमित वेरुजुहरु कैफियतमाा उल्लेख भए अनुसार सम्परिक्षण गरिएको छ। उक्त बेरुजु श्री महालेखा परिक्षकको कार्यालय, डोरमुकाम जीतपुरमा नियमितको लागी पेश गर्ने निर्णय गरियो ।

२९) सम्मानित सर्वोच्च अदालतमा टिका चन्द्र गौतमको छोरा जिल्ला बारा जीतपुरसिमरा उ.म.न.पा. वडा नं १ मा बस्ने बर्ष ७० को राम चन्द्र गौतम, हरि प्रसाद रिमालाकी पत्नी ऐ ऐ बस्ने बर्ष ७१ की देव कुमारी रिमाल, जि. काठमाण्डौं काठमाण्डौ म.न.पा.वडा नं.१० मा कार्यालय रहेको प्रोपर्टी म्यानेजमेन्ट एसोसिएट्स प्रा.लि र श्री उच्च अदालत जनकपुर अस्थायी इजलास बिरगंज पर्सा उपर उक्त उच्च अदालत जनकपुर अस्थायी इजलास विगरगंजको मिति २०७८।१०।२४ को मु.नं.०७७-WO-०१४० नि.नं.५८ को उत्प्रेषण परमादेशको आदेश वदर गरी पाउनको लागि यस जीतपुरसिमरा उ.म.न.पा. कार्यालय जिल्ला बाराको तर्फवाट नेपालको संविधानको धारा १३३ को २ तथा ३ बमोजिम उत्प्रेषण अधिकारपृच्छा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउं भनि रिट दिने निर्णय गरियो । कार्यालयले उपयुक्त प्रतिनिधि तोकी निजले यस कार्यालयको तर्फवाट उक्त रिट दर्ता गरी तारिखमा रहने, मुद्दा पुर्पक्ष गर्ने र आवस्यकता अनुसार वारेश समेत राख्न पाउने निर्णय गरियो ।

३०) नगरपालिकाको कानुनी सल्लाहकार करारमा उल्लेखित सेवा, सुविधा र शर्तमा उल्लेख भए अनुसार काम गर्ने गरी नगर प्रमुखले सिफारिस गरेको व्यक्तिलाई नियुक्त गर्ने र उप प्रमुखले सिफारिस गरेको कानुनी सल्लाहाकार न्यायिक समिति सहितका कानुनी काम गर्ने गरि नियुक्ति गर्ने तथा आवश्यक्ता अनुसार अवैतनिक सल्लाहकार राख्ने निर्णय गरियो ।

३१) नगर स्तरिय र वडा स्तरिय बजेटहरुमा विभिन्न संघ/संस्थालाई अनुदान तथा आर्थिक सहायता सम्बन्धि कार्यविधि तयार गरी त्यस्तो अनुदान तथा आर्थिक सहायता रकम भुक्तानी दिईने र एक आर्थिक वर्षमा एक पटक मात्र नगर वा वडाका बजेटको बजेटबाट भुक्तानी गर्ने ।

३२) आ.व.२०७८।२०७९ मा दायित्व श्रृजना भएका सबै प्रकारका भुक्तानीहरु म.ले.प.फा.नं.२२१ (साविकको १८) मा समावेश गरी भुक्तानी दिने निर्णय गरियो ।

(८) राजन पौडेल
नगर प्रमुख

३३) यस उपमहानगरपालिकाका करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद मिति २०७९ साल असोज मसान्तसम्म थप गर्ने र तत् पश्चात आवश्यकताका आधारमा कार्यपालिकाले म्याद थप गर्ने निर्णय गरियो ।

३४) यस नगर अन्तरगतका स्वास्थ्य संस्था, विद्यालयहरु, महिला स्वयं सेविका र यस कार्यालयवाट निकासा गरिने खाताहरु राष्ट्रिय बाणिज्य बैंक, कलैया शाखामा रहेकोले उक्त सबै खाताहरु श्री राष्ट्रिय बाणिज्य बैंक, सिमरा शाखामा खातामा खोलि खाता सन्चालनको व्यवस्था मिलाउन र खातामा रहेको रकम स्वतः नयाँ खातामा ट्रान्सफर हुने व्यवस्था गर्न लेखि पठाउने निर्णय गरियो ।

३५) आ.व.२०७८।०७९ मा सम्झौता भएका तर २०७९ साल असारसम्म कार्य शुरु नगरेको अवस्थामा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम प्राविधिक प्रतिवेदन लिई उपभोक्ता समितिहरुसंग र निर्माण व्यवसायीसंग भएका सबै सम्झौताहरु रद्ध गर्ने । २०७९ साल असारमसान्तसम्म प्राविधिक मुल्याङ्कन र बिल सहित भुक्तानीको लागि योजना शाखामा पेश भएका कामको भुक्तानी कार्यपालिकाको निर्णयानुसार गर्ने निर्णय गरियो ।

३६) लागत अनुमान चाहिने, परामर्श सेवा बाहेकका सार्वजनिक सरोकारका मालसामानहरु वडा कार्यालयले वडा समितिको निर्णयानुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) बमोजिम एक लाखसम्मको मुल्य अभिवृद्धि कर दर्तावालासगँ खरिद गर्न सक्नेछन । सोको खरिद आदेश जारी गरी बिल तथा अन्य आवश्यक कागजात सहित PAMS मा समावेश गरि विल, खरिद आदेश र चालु प्रकृतिका खर्चहरुको विलहरु वडा अध्यक्षले प्रमाणित गरी सम्बन्धित वडाको बजेटबाट भुक्तानीका लागि पेश गर्ने निर्णय गरियो ।

३७) नगर गौरवका आयोजनाहरु अनुसूची - ६ बमोजिम प्राथमिकतामा राखे निर्णय गरियो ।

३८) संघीय सरकारमा पेश गर्ने योजनाहरु अनुसूची - ७ बमोजिम प्राथमिकतामा राखे निर्णय गरियो ।

३९) प्रदेश सरकारमा पेश गर्ने योजनाहरु अनुसूची - ८ बमोजिम प्राथमिकतामा राखे निर्णय गरियो ।

४०) लागत अनुमान तथा नगर स्तरिय योजनाहरु अनुसूची ९ बमोजिम प्राथमिकतामा राखे निर्णय गरियो ।

**सभाध्यक्ष महोदय; नगरसभा सदस्यज्यूहरु एवम् उपस्थित महानुभावहरु,**

आ.व.२०७९।२०८० को बजेट र कार्यक्रम प्रस्तुतिको उत्तरारद्धमा आइपुगदा बजेट तथा कार्यक्रम बनाउन सहयोग पुर्‍याउनुहुने कार्यपालिका सदस्य, नगरसभा सदस्यलगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारीज्यूहरु, जनसमुदाय, बजेट निर्माण प्रकृयामा खटिनु भएका कर्मचारी मित्रहरुलगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनुहुने एवम् अमूल्य सहयोग, सद्भाव, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**

राजन पौडेल
नगर प्रमुख